# प्रभाव दैनिक
National Daily



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com



वर्ष ११ | अंक ७५ | काठमाडौं | शनिबार, २२ असार २०८१ | Prabhab National Daily | Saturday, July 06, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-




दाङको घोराही उपमहानगरपालिका-७ स्थित सौडियारका किसान शुक्रबार झरीमा प्लास्टिक ओडेर धान रोपाइँ गर्दै। दाङमा शुक्रबारसम्म १५ प्रतिशत रोपाइँ सकिएको कृषि ज्ञान केन्द्र दाङका सूचना अधिकारी पृथ्वीराज लामिछानेको भनाइ छ। *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# अल्पमतमा प्रधानमन्त्री, तर संसद् 'फेस' गर्ने अठोट



- २८ असारमा विश्वासको मत लिने
- कांग्रेस-एमालेसँग स्पष्ट बहुमत
- विश्वासको मत फेल हुँदा संविधानको ७६ (३) सक्रिय हुनेमा आशंका
- प्रधानमन्त्रीद्वारा आफूसमर्थित दलहरूसँग छलफल

**प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले यही असार २८ गते शुक्रबार संसद्मा विश्वासको मत लिने भएका छन्। नेकपा एमालेले समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएपछि अल्पमतमा परेको दाहालले शुक्रबार प्रतिनिधिसभामा विश्वासको मत लिने व्यवस्थाका लागि संसद् सचिवालयलाई पत्राचार गरेका हुन्।

प्रधानमन्त्री दाहालले संघीय संसद्का महासचिवलाई शुक्रबार एक पत्र पठाएर उक्त दिन विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने भएकाले आवश्यक व्यवस्था मिलाउन अनुरोध गरेका छन्। 'मेरो नेतृत्वमा संवत् २०७९ पुस ११ गते गठित सरकारमा सहभागी दलहरूमध्ये एक दलले आफ्नो समर्थन फिर्ता लिएको हुँदा नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम ३० दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव राख्नुपर्ने प्रावधान भएअनुरूप उक्त विषय संवत् २०८१ साल असार २८ गतेको प्रतिनिधिसभा बैठकको कार्यसूचीमा समावेश गर्ने व्यवस्थाका लागि अनुरोध छ,' प्रधानमन्त्रीले लेखेको पत्रमा भनिएको छ।

नेपाली कांग्रेस र एमालेबीच नयाँ सरकार बनाउने सहमति बनेसँगै दाहाल सरकार संकटमा परेको हो। दुई दलले पहिलो चरणमा एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बनाउने सहमति गरेका छन्। दोस्रो चरणमा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने सहमतिमा उल्लेख छ।

एमाले र कांग्रेसले प्रधानमन्त्री दाहाललाई राजीनामा गरेर मार्गप्रशस्त गर्न आग्रह गरिसकेका छन्। तर दाहाल राजीनामा गरेर सत्ता हस्तान्तरण गर्न तयार भएनन्। उनले संसद्को सामना गर्ने भन्दै विश्वासको मत लिने प्रक्रियामा गएका हुन्। यद्यपि, उनीसँग विश्वासको मतका लागि आवश्यक मत संख्या पुग्दैन। कूल २७५ सदस्यीय प्रतिनिधिसभामा बहुमतका लागि १३८ मत चाहिन्छ। तर, प्रधानमन्त्री दाहालको दल माओवादी केन्द्रसँग ३२ सिट तथा उनको समर्थनमा रहेका दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) २१ सिट र नेकपा एकीकृत समाजवादी पार्टीसँग १० सिट गरी कूल ६३ सिटमात्र पुग्छ। सात सिट रहेको अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीले शुक्रबार नै सरकारलाई दिएको समर्थन फिर्ता लिनुका साथै उक्त दलबाट सरकारमा सहभागी मन्त्रीहरूले राजीनामा दिएका छन्।

(क्रमशः पृष्ठ २ मा)

## '७६ (३) मा जाने अवस्था नआओस्'

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले प्रधानमन्त्री पुष्पकमल दाहालले राजीनामा नदिँदा संविधानको ७६ (३) अनुसार नयाँ सरकार गठन गर्ने प्रक्रियामा जाने अवस्था आउन नहुने बताएका छन्। उक्त व्यवस्थाअनुसार गए ठूलो दलको हैसियतमा कांग्रेस नेतृत्वको सरकार बन्ने छ।

वर्तमान सरकार ७६ (२) अनुसार बनेको हो। प्रधानमन्त्री दाहालले विश्वासको मत लिई असफल भएमा ७६ (३) तर्फ जाने हो कि भन्नेबारे कानुनी रूपमा स्पष्ट हुनुपर्ने उनको भनाइ थियो। 'अहिले प्रचण्डजीले आजको दिनसम्म पनि राजीनामा दिनुभएको छैन। राजीनामा नदिएपछि संविधानतः के हुन्छ ? भन्ने हामीले सोच्नुपर्छ,' काठमाडौंमा शुक्रबार आयोजित शान्ति र क्रान्तिका नायक जिपी कोइराला विषयक अन्तर्क्रियामा

(क्रमशः पृष्ठ २ मा)

एकीकृत समाजवादीको महाधिवेशन

# ९३ सदस्यीय केन्द्रीय कमिटी घोषणा





**काठमाडौं (प्रस)–** पार्टी नेतृत्व सर्वसम्मत चयन गरेको नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादीको दशौं राष्ट्रिय महाधिवेशनले ९३ सदस्यीय केन्द्रीय कमिटी घोषणा गरेको छ। महाधिवेशनको छैटौं दिन शुक्रबार महाधिवेशन अध्यक्षमण्डलका अध्यक्ष झलनाथ खनालले माधवकुमार नेपालको अध्यक्षतामा ९३ सदस्यीय केन्द्रीय कमिटी घोषणा गरेका हुन्। यही असार १६ गतेदेखि चलेको महाधिशनले सम्मानित नेतामा खनाल र महासचिवमा घनश्याम भुसाललाई चयन गरेको छ।

(क्रमशः पृष्ठ २ मा)

## 'राष्ट्रिय राजनीतिमा तरंग ल्यायौं'



नेकपा एकीकृत समाजवादीका नवनिर्वाचित अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले राष्ट्रिय राजनीतिमा आफ्नो पार्टीको महत्त्वपूर्ण भूमिका र योगदान रहने बताएका छन्। पार्टीको दशौं राष्ट्रिय महाधिवेशन समापन समारोहमा अध्यक्ष नेपालले मुलुकमा सामाजिक न्याय, समानतासहित विकास तथा समृद्धिका लागि समाजवादी व्यवस्था कार्यान्वयनमा जोड दिए।

पार्टीको महाधिवेशनले राष्ट्रिय राजनीतिमा तरंग ल्याएको उनको भनाइ थियो।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# 'वैदेशिक रोजगारीलाई मर्यादित बनाउने प्रयास गरिरहेका छौं'



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगारीलाई थप सुरक्षित, व्यवस्थित र उपलब्धिमूलक बनाउनेगरी नीति तथा कार्यक्रम अघि बढाइएको बताएका छन्। राष्ट्रिय सभाको शुक्रबारको बैठकमा विनियोजन विधेयक, २०८१ माथिको छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री अर्यालले वैदेशिक रोजगारीलाई मर्यादित बनाउने प्रयास भइरहेको बताएका हुन्। आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनबाट मुलुकभित्र रोजगारी प्रवर्द्धन र असल श्रमसम्बन्ध विकास गर्ने उनले उल्लेख गरे।

मन्त्री अर्यालले दीर्घकालीन रूपमा आन्तरिक रोजगारी, स्वरोजगारी, उद्यमशीलता र उत्पादन प्रोत्साहन गर्ने तथा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र उपलब्धिमूलक बनाउनेगरी नीति तथा कार्यक्रम अघि बढाइएको दाबी गरे। उत्पादनशील रोजगारीका अवसर सिर्जना, श्रमिकको हकहित एवं पेसागत सुरक्षा, मर्यादित कार्य वातावरण, योगदानमा आधारित सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनलगायत विषयमा मन्त्रालयले ध्यान केन्द्रित गरेको मन्त्री अर्यालले सदनलाई जानकारी दिए।

'सीपयुक्त जनशक्तिको विकास गरी रोजगारी र स्वरोजगारी प्रवर्द्धन गर्दै उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्ने काममा मन्त्रालयले योजना बनाएको छ,' मन्त्री अर्यालले भने। उनले एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन र व्यवस्थापन) कार्यविधि, २०८० स्वीकृत गरी स्थानीय तहबाट श्रम र रोजगारसम्बन्धी सेवा एकीकृतरूपमा प्रवाह भइरहेको जानकारी दिए।

वैदेशिक रोजगारबाट फर्किएका नागरिकको सीप, पुँजी, प्रविधि, ज्ञान र अनुभवको उपयोग गर्दै उद्यमशीलता प्रवर्द्धनको प्रयास भइरहेको मन्त्री अर्यालको भनाइ छ। उनले विभिन्न दातृ निकायको सहयोगमा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकको पुनःएकीकरणसम्बन्धी परियोजना कार्यान्वयन भइरहेको जानकारी दिए।

'स्वदेशमै रोजगारी सिर्जना गर्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना, रोजगार प्रवर्द्धन कार्यक्रमलगायत विविध कार्यक्रम संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा सञ्चालित छन्,' मन्त्री अर्यालले भने। उनले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट चालु आवको असार १९ गतेसम्म ५२ हजार ५०८ जनाले औसत ८१ दिनको रोजगारी प्राप्त गरेका जानकारी दिए।

मन्त्री अर्यालले रोजगार बैंकका लागि राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने तयारी भइरहेको बताए। उनले भने, 'श्रमबजारमा उपलब्ध रोजगारीका अवसर र रोजगारी खोजिरहेका श्रमिकबीच समन्वय गर्न रोजगार बैंकको रूपमा कार्य गर्न राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली निर्माण गर्ने प्रक्रिया अगाडि बढाइएको छ।' उनले श्रम स्वीकृतिका लागि दुई सिफ्टमा कार्यालय सञ्चालन गरी एक घण्टाभित्रै स्वीकृति प्रदान गर्ने व्यवस्थाले सेवाग्राही लाभान्वित भएका बताए।

मन्त्रालयको आगामी योजनाबारे जानकारी दिँदै मन्त्री अर्यालले श्रम स्वीकृति लिनका लागि आवश्यक पूर्वप्रस्थान अभिमुखीकरण तालिमलाई क्रमशः निःशुल्क गर्ने गृहकार्य भइरहेको जानकारी दिए। वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा परामर्श प्रदान गर्न आगामी आवदेखि ७५३ वटै स्थानीय तहमा सेवा विस्तार गरिने उनले बताए।

मन्त्री अर्यालले वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु हुने मृतकका परिवारलाई दिइने क्षतिपूर्तिबापतको रकम सात लाख रूपैयाँबाट बढाइ १० लाख रूपैयाँ हुनेगरी प्रस्ताव गरिएको जानकारी दिए। उनले अंगभंग वा मृत्यु भएका कामदार र निजका परिवारलाई उपलब्ध गराउने आर्थिक सहायता तथा छात्रवृत्तिसम्बन्धी सेवालाई समेत अनलाइनमार्फत प्रदान गर्ने व्यवस्था मिलाइएको उल्लेख गरे।

(क्रमशः पृष्ठ २ मा)




# आइतबारसम्म बाढीको जोखिम

**काठमाडौं (प्रस)**– मुलुकका विभिन्न स्थानमा आइतबारसम्म बाढीको जोखिम रहने भएको छ । जल तथा मौसम विज्ञान विभागअन्तर्गतको बाढी पूर्वानुमान माहाशाखाले आइतबारसम्म मुलुकका विभिन्न स्थानमा बाढीको जोखिम रहेको भन्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ । आइतबारसम्म भारी वर्षाको सम्भावना रहेकाले नदीमा पानीको बहाव बढ्नसक्ने र बाढीको जोखिम रहेको भन्दै सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

विभागका बाढीविद् तथा हाइड्रलोजिस्ट इन्जिनियर विजय ढुकुछुले इलाम, झापा, मोरङ, लमजुङ, कास्की, पाल्पा, नवलपरासीपूर्व र आसपासका जिल्ला भई बहने अधिकांश स-साना नदीमा बहाव बढ्ने तथा केही स-साना नदीमा आकस्मिक बाढीको मध्यम जोखिम रहने पूर्वानुमान गरिएको जानकारी दिए । उनका अनुसार उदयपुर, सिन्धुली, मकवानपुर, चितवन, सिन्धुपाल्चोक, रामेछाप, अछाम, डोटी, कैलाली र आसपासका जिल्ला भई बहने स-साना नदीहरूमा बहाव पनि बढ्ने पूर्वानुमान छ ।

'शनिबार देशभरका अधिकांश स-साना नदीहरूमा बहाव बढ्ने तथा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश भई बहने केही स-साना नदीहरूमा आकस्मिक बाढी आउनसक्छ,' उनले भने ।

## पृष्ठ १ बाट क्रमशः

### अल्पमतमा प्रधानमन्त्री...

नागरिक उन्मुक्तिलगायत साना दलहरू र पाँच जना स्वतन्त्र सांसद पक्ष विपक्षमा खुलिसकेका छैनन् । अर्कोतर्फ कांग्रेस-एमालेसँग स्पष्ट बहुमत छ । कांग्रेससँग ८८ र एमालेसँग ७८ गरी कूल १६६ सिट रहेको छ । त्यसैले प्रधानमन्त्री दाहाललाई कांग्रेस र एमालेबाहेक सबै दलले मत दिए पनि विश्वासको मत पुग्दैन । प्रतिनिधिसभामा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को १४, जनता समाजवादी पार्टी (जसपा) नेपाल १२, जनमत पार्टी छ, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) चार, नागरिक उन्मुक्ति पार्टी तीन तथा राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टीको एक-एक सिट रहेको छ ।

**प्रधानमन्त्रीद्वारा आफूसमर्थित दलहरूसँग छलफल**

प्रधानमन्त्री दाहालले आफ्नो समर्थनमा रहेका दलहरूसँग विश्वासको मत लिनेबारे छलफल गरेका छन् । उनले शुक्रबार दलका नेताहरूलाई सिंहदरबारमा बोलाएर विश्वासको मत लिने प्रक्रियामा सहयोग गर्न आग्रह गरेका हुन् । छलफलमा प्रधानमन्त्री दाहालले आफू संसद्मा विश्वासको मत लिन गइरहेको जानकारी गराउँदै अविश्वासको मत आए पनि उक्त परिस्थितिको सामना गर्ने दृढता व्यक्त गरे ।

छलफलमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल, रास्वपा सभापति रवि लामिछाने, जनमतका अध्यक्ष सिके राउत र नागरिक उन्मुक्तिकी रञ्जिता श्रेष्ठ सहभागी थिए । छलफलबाट बाहिरिने क्रममा एकीकृत समाजवादीका अध्यक्ष नेपालले आफूहरू कांग्रेस-एमालेको गठबन्धनमा नलाग्ने प्रस्ट पारे । उनले नयाँ गठबन्धनको उद्देश्य अपवित्र रहेकोले त्यसमा नलाग्ने बताएका हुन् । अध्यक्ष नेपालले आफ्नो दलले प्रधानमन्त्री दाहाललाई विश्वासको मत दिनेसमेत बताए । यसअघि पनि नेपालले प्रधानमन्त्री दाहाललाई राजीनामा नगरी संसद्को सामना गर्न सुझाव दिएका थिए ।

### '७६ (३) मा जाने...

बोल्दै नेता कोइरालाले भने, 'हामी संविधानलाई टेकेर हिँड्नुपर्छ । प्रचण्डजीले राजीनामा दिनुभएन र विश्वासको मत लिनुभयो भने संविधानको धारा ७६ को ३ मा नजाओस् । उहाँले विश्वासको मत लिएर फेल भयो भने ७६ को ३ मा नजाओस् भन्ने मात्रै हो ।' प्रधानमन्त्री दाहालले राजीनामा नदिएकाले खुसी भइहाल्ने अवस्था नभएको उनले बताए । कांग्रेस-एमालेको नयाँ गठबन्धनले निर्वाचन प्रणाली संशोधन गर्नुपर्नेमा उनले जोड दिए ।

### वैदेशिक रोजगारीलाई...

'वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार आव २०७८/७९ देखि चालु आवको जेठ मसान्तसम्म वैदेशिक रोजगारीमा गएका चार हजार ८० जनाको मृत्यु तथा एक हजार २६२ जना अंगभंग भएका छन् । निजका परिवारलाई दुई अर्ब १४ करोड ३७ लाख २७ हजार रूपैयाँ आर्थिक सहायता उपलब्ध गराइएको छ,' मन्त्री अर्यालले भने । उनले वैदेशिक रोजगारीको सन्दर्भमा हुने विभिन्न गुनासा सुन्न श्रमाधान कल सेन्टरलाई थप व्यवस्थित बनाइने बताए ।

मन्त्री अर्यालले इजाजत प्राप्त संस्थाबाट मन्त्रालय र मातहतका निकायले कमिसन उठाएको सूचना प्रमाणसहित दिएमा दोषीलाई २४ घण्टाभित्र कारबाही गरिने स्पष्ट पारे । 'विदेशमा अलपत्र परेका नेपाली कामदारलाई उद्धार गरी तत्काल आश्रय प्रदान गर्न चारवटा देश (ओमान, कुवेत, साउदी अरब र इजरायल) मा वैदेशिक रोजगार बोर्डबाट १५ लाख रूपैयाँका दरले ६० लाख रूपैयाँ उपलब्ध गराइएको छ,' उनले भने ।

मन्त्री अर्यालका अनुसार कतार, मलेसिया, युएई, साउदी अरब, दक्षिण कोरिया, बहराइन, कुवेत, ओमनमा श्रम 'काउन्सेलर' र श्रम सहचारी परिचालन गरिएको छ । श्रमिकको हकहितलाई ध्यानमा राखी नयाँ श्रम गन्तव्य मुलुकको खोजी र श्रम सम्झौताको नवीकरण गर्ने कार्यलाई अगाडि बढाइएको उल्लेख गर्दै उनले जर्मनी र रोमानियासँग नयाँ श्रम सम्झौता भएको जानकारी दिए ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रमबजारको मागबमोजिमका तालिम सञ्चालन गर्न राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिने मन्त्री अर्यालले बताए । प्रदेश सरकारको साझेदारी र गन्तव्य मुलुकको सहयोगमा प्रदेशस्तरमा आवासीय सुविधासहितको आधुनिक प्रशिक्षण केन्द्र स्थापनाको प्रक्रिया अगाडि बढाइएको उनले जानकारी दिए । *रासस*

### ९३ सदस्यीय केन्द्रीय...

नवनिर्वाचित अध्यक्ष नेपाल, सम्मानित नेता खनाल, महासचिव भुसालसहितका सदस्यहरूले शुक्रबार पद तथा गोपनीयताको शपथ लिएका छन् । महाधिवेशनले २१ पदाधिकारीसहित २९९ केन्द्रीय कमिटी बनाउने निर्णय गरेको थियो । अध्यक्षमण्डलका सदस्य राजेन्द्र पाण्डेले १० दिनभित्र बाँकी केन्द्रीय सदस्यको नाम सार्वजनिक गरिने जानकारी दिए । महाधिवेशनले १९ बुँदे प्रस्तावसमेत पारित गरेको छ ।

### राष्ट्रिय राजनीतिमा...

अध्यक्ष नेपालले एकीकृत समाजवादीलाई बलियो कम्युनिस्ट पार्टीका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरे । वर्तमान सरकारलाई समर्थन कायमै रहेको उल्लेख गर्दै उनले प्रधानमन्त्री पुष्पकमल दाहालले संसद्मा देखिएका राजनीतिक विषयको सामना गर्नुपर्ने बताए ।पार्टीका नवनिर्वाचित महासचिव घनश्याम भुसालले महाधिवेशनबाट प्राप्त वैचारिक दृष्टिकोणले कम्युनिस्ट आन्दोलनलाई रूपान्तरण र पुनःगठनका लागि सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्नलिखित कर्मचारीहरु आवश्यक भएको हुँदा ईच्छुक / दक्ष व्यक्तिहरुले आफ्नो बायोडाटा र प्रमाणपत्रहरु सहित तल उल्लेखित ठेगानामा सम्पर्क गर्नुहोला ।

1. Office Manager- 1
2. Public Relations Officer (PRO)- 2

तलब आपसी सहमतिमा

अनुभव : कम्तिमा ३ वर्ष सम्बन्धित क्षेत्रमा काम गरेकालाई विशेष प्राथमिकता दिईन छ ।

**PARADISE HUMAN RESORCE PVT. LTD**
KMC-9, Jamung Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२२**

यस सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ६८ को १४०७.०५ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा २.७५ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**बाघभैरव सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-६, मकवानपुर**

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १३१ को १४९२.७१ घनफिट काठ र साल जातको दाउरा १.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको उद्योगले सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**जनप्रिय सामुदायिक वन उपभोक्ता समूह**
**बागमती-६, मकवानपुर**

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HEALTHY SNACK AVENUE RESTAURANT AND CAFE CO.SPC
पूर्व स्वीकृति मिति : २०८१/03/२१ LT No.307290 चलानी नं : ६०२२१९५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 4 | 0 | 140 | ६५,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Baker | 4 | 0 | 150 | ६०,९९० | | | | | | | |
| 3 | cleaner | 2 | 0 | 100 | ४३,५६५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क - निःशुल्क** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम इजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com




## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LA COQUETTE LADIES BEAUTY SALON COMPANY.
पूर्व स्वीकृति मिति २०८१/03/२१ LT. No. 307145 चलानी नं. ६०२०२६४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN/HAIRDRESSER/MANICURE/PEDICURE/NAIL TECH | 0 | 22 | 150 | ६५,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CLEANER/HELPER/WORKER(INDOOR) | 0 | 2 | 90 | ३९,२१२ | | | | | | | |
| 3 | Light Driver | 2 | 0 | 135 | ५८,८१९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GREEN HAT TECHNICAL SERVICES LLC- BRANCH OF ABU DHABI
पूर्व स्वीकृति मिति २०८१/03/२१ LT. No. 295589 चलानी नं.६०२१०६२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1200 | ४३,६६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1000 | ३६,३५८ | | | | | | | |
| 3 | MASON | 2 | 0 | 1200 | ४३,६६३ | | | | | | | |
| 4 | SCAFFOLDER | 2 | 0 | 1200 | ४३,६६३ | | | | | | | |
| 5 | STEEL FIXER | 2 | 0 | 1200 | ४३,६६३ | | | | | | | |

कम्पनी : KAWADER INTERNATIONAL EMPLOYMENT SERVICES
पूर्व स्वीकृति मिति २०८०/०८/२४ पूर्व स्वीकृति मिति २०८१/03/२१ LT No. 296218 चलानी नं. ६०२११२४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 150 | 0 | 900 | ३२,७४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SHENZHEN FENGRUN TECHNICAL SERVICES EST
पूर्व स्वीकृति मिति २०८१/03/२२ पुन विज्ञापन स्वीकृति मिति : २०८०/03/२१ LT No. 307304 चलानी नं. ६०२२१९२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 35 | 0 | 1100 | ४०,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason (GCC) | 50 | 0 | 1300 | ४७,३०१ | | | | | | | |
| 3 | Shattering Carpenter | 50 | 0 | 1300 | ४७,३०१ | | | | | | | |
| 4 | Steal Fixer | 50 | 0 | 1300 | ४७,३०१ | | | | | | | |

**Interview Date: 2024/07/13, 14, 15 & 16**
**Interview place:**
- At office Kathmandu: All dates: KATHMANDU CONTACT: 9823025516/9840806449
- at Itahari multiple training center, Itahari, sunsari : all dates: ITAHARI CONTACT: 9810436524
- at PR Training Institute, Janakpur, Dhanusha: ALL DATES : JANAKPUR CONTACT: 9801622170/9800874391

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955
Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com,

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SECRET RESTAURANT MANAGEMENT
पूर्व स्वीकृति मिति : २०८१/03/२१ LT. No.307201 चलानी नं. ६०२२१९२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONFECTIONER | 2 | 0 | 1300 | ४७,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | DRIVER | 2 | 0 | 1700 | ६२,२५० | | | | | | | |
| 3 | SWEET MAKER | 3 | 1 | 1300 | ४७,६०० | | | | | | | |
| 4 | WAITER | 0 | 7 | 1400 | ५१,२६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**K.H.M. Recruitment Services Pvt Ltd**
इजाजत पत्र नं. 1193/073/074
Bijay Chowk-9, KTM, Nepal Tel. No.: +977-01-4575321, E-mail: info@khmgroups.com, khmhrnepal@gmail.com Website: www.khmgroups.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUTEB ABDULLAH AL-RAJHI FARM
पूर्व स्वीकृति मिति २०७९/११/२३ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/२१ LT. No. 282306 चलानी नं. ६०१९७७६१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 8 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

कम्पनी : NAS MANPOWER COMPANY
पूर्व स्वीकृति मिति २०८०/०६/०५ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/२१ LT. No. 292884 चलानी नं. ६०२०८०२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 45 | 0 | 1800 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NAS MANPOWER COMPANY
पूर्व स्वीकृति मिति २०८१/०१/०७ पुन विज्ञापन स्वीकृति मिति २०८१/03/२१ LT. No. 303614 चलानी नं. ६०२१८३९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 50 | 0 | 1800 | ६४,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

# बाढीको त्रासमा भूजीखोलाका बाढीपीडित

**ढोरपाटन (बागलुङ)–** चार वर्ष अगाडि भूजीखोलामा आएको बाढीमा परी आफन्त गुमाएका स्थानीय रातको समय अलि ठूलो वर्षा हुँदा राम्रोसँग निदाउन सक्दैनन् । २०७७ भदौ १७ गते राति ढोरपाटन नगरपालिका-८ र ९ स्थित भूजीखोलामा आएको बाढीले ३८ जनाको ज्यान लिएको थियो । बाढीमा १५ जना अझै बेपत्ता छन् ।

पीडितले जसोतसो घर बनाएर बसे पनि बाढीको त्यो त्रास भने बिर्सिन सकेका छैनन् । बाढीले भूजीखोला किनारका १३१ घर बगाएको थियो । बाढीमा आफन्त गुमाएकाहरूको पीडा अहिलेसम्म पनि मत्थर हुनसकेको छैन । आफन्तसँगै बस्ने बास र खाने गास गुमाएकाले राज्यबाट पाउनुपर्ने सहयोग नपाएको गुनासो गर्दै आएका छन् ।

ढोरपाटन नगरपालिका-९ का बाढीपीडित कुलबहादुर विक ऋण धन गरेर घर बनाए पनि आफन्त बिर्सिन नसकेको बताउँछन् । बाढीले उनको घर, जग्गासहित २२ वर्षीय जेठो छोरो, २१ वर्षीया बुहारी, १८ वर्षीया छोरी र चार वर्षकी नातिनी बगाएको थियो । बाढीले भएभरको सम्पत्ति बगाइदिएपछि लामो समय आफन्तकामा बसेको भन्दै अहिले सामान्य घर बनाएर बस्न थालेको उनी सुनाउँछन् । अलि ठूलो वर्षा हुँदा रातभर जाग्रम बस्ने गरेको उनी बताउँछन् ।

'त्यो बाढीले हाम्रो उठीबास लगायो, लाउँलाउँ, खाउँखाउँ बन्ने बेलाका छोरा, बुहारी, छोरी र नातिनीसँगै सबै सम्पत्ति बगायो, हामी अहिले सुकुम्बासीजस्ता भएका छौं । बर्खा सुरु भयो, कसरी ज्यान बचाउने हो भन्ने चिन्ता लाग्छ, ठूलो पानी पर्‍यो भने पहिलेको जस्तै बाढी आएर बगाउँछ कि भन्ने डर हुन्छ, त्यही भएर रातभरि निदाउँदैनौं,' विकले भने, 'बाढी आउँदाको रात हामीहरू गोठमा गएका थियौं, त्यही भएर बच्यौं, नत्र हामीलाई पनि बाढीले लैजानेरहेछ ।'

स्थानीय बाढीपीडित निमबहादुर विश्वकर्मा बाढीले आफन्तसहित भएभरको सम्पत्ति बगाइदिएको बताउँछन् । बाढीले निमबहादुरको २५ वर्षीया श्रीमती, नौ वर्षीय जेठो छोरा, दुई वर्षीय माइलो छोरा र २२ दिनको कान्छो छोरासहित सबै बगाएको थियो । उनी परिवारका सबै सदस्य बाढीमा परेपछि एक्लो बनेका थिए । बाढी आउँदाको रात आफू ढोरपाटन गएको हुँदा आफ्नो ज्यान बचेको उनी बताउँछन् । आफू ठूलो समस्यामा पर्दा पनि राज्य तहबाट सहयोग नभएको उनको गुनासो छ ।

ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत नगरपालिकाको सीमित स्रोत र साधानबाट पीडितलाई सहयोग गरिएको बताउँछन् । वि.सं. २०७७ को बाढीले ढोरपाटनमा ठूलो मानवीय क्षति पुर्‍याएको भन्दै यस वर्ष पनि वर्षा सुरु हुन लागेसँगै प्राकृतिक विपत्तिबाट बच्न तटीय क्षेत्रका स्थानीयलाई सचेत रहन आग्रह गरिएको उनी बताउँछन् । भौगोलिक कठिनाइका कारण धेरै नागरिक अव्यवस्थित रूपमा बस्दै आएको हुँदा त्यसको व्यवस्थापनमा नगरपालिकाले योजना बनाइरहेको उपप्रमुख कायत बताउँछन् ।

### व्यवस्थित छैनन् ग्रामीण सडक

एक दशक अगाडिसम्म बागलुङको अधिकांश गाउँमा सडकको पहुँच पुगेको थिएन । जब स्थानीय तह स्थापना भए, त्यसपछि बस्तीसम्म सडक पुर्‍याउने लहड सुरु भयो । पालिकाहरूले नागरिकको आवश्यकता र मागका आधारमा सबै ठाउँमा सडक विस्तार गर्दै गए । गाउँगाउँसम्म पुगेको सडक भने गुणस्तरीय भने नभएका स्थानीय बताउँछन् ।

हिउँदमा जसोतसो सञ्चालन हुने सडक बर्खाको करिब पाँच महिना ठप्पै हुन्छन् । विनाइञ्जिनियरिङ र अव्यवस्थितरूपमा निर्माण भएका सडकले वातावरणसँगै बस्तीमासमेत नकारात्मक असर पुर्‍याएको निसीखोला गाउँपालिका-२ का नरबहादुर जिसीले बताए । उनका अनुसार हिउँदमा निर्माण भएका सडक बर्खामा कामै नलाग्ने गरी भत्किने गरेका छन् ।

गाउँमा चार वर्ष अगाडि सडक पुगे पनि साँघुरो र अप्ठ्यारो हुँदा र सामान्य वर्षा पनि गाडी नगुड्ने जिसीले बताए । सडक निर्माण गर्दा नापजाँच नगरी अव्यवस्थितरूपमा बनाइएकाले समस्या भएको उनको भनाइ छ । गाउँमा सडक आउँदा स्थानीय खुसी भए पनि अहिले आवागमनमा समस्या हुँदै आएको भन्दै सडक हिउँदमा पनि सञ्चालन हुनेगरी पुनःनिर्माण गर्नुपर्नेमा उनले जोड दिए । तमानखोला गाउँपालिका-६ नर्जाखानीका प्रेमबहादुर छन्त्यालले अव्यवस्थित सडकका कारण बर्खाका यस क्षेत्रका हजारौं नागरिकले सास्ती खेप्नुपरेको सुनाए । ठूलो वर्षा हुँदा बित्तिकै खोलामा गाडी तर्न नसक्ने र सडक सबै भत्किने हुँदा बजारबाट सामान ओसारपसार गर्न कठिन हुने उनले बताए । उनले भौगोलिक विकटता र अव्यवस्थित सडकले सुविधाभन्दा बढी समस्या हुने गरेको बताए ।

'अव्यवस्थितरूपमा बनेका सडकले सुविधाभन्दा सास्ती दिएका छन् । बर्खामा गाडी सञ्चालन हुँदैनन् । गाउँमा कोही बिरामी पर्‍यो भने डोकोमा बोकेर अस्पताल पुर्‍याउनुपर्ने बाध्यता छ,' छन्त्यालले भने, 'भूगोल नमिलेका कारण सडक व्यवस्थित हुनसकेको छैन, बर्खामा बजारबाट सामान ल्याउन र यात्रा गर्न निकै सकस हुन्छ ।' तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले सबै बस्तीमा सडक पुर्‍याइएको भन्दै यथाशीघ्र स्तरोन्नति गरी व्यवस्थित बनाउने योजना रहेको जानकारी दिए । सीमित स्रोत साधनका कारण तत्काल सडक व्यवस्थित बनाउन नसकेको उनले बताए । नर्जाखानी, वित्रिवनलगायत केही गाउँमाबाहेक अन्य ठाउँमा बर्खाको समयमा पनि यातायात सञ्चालन हुनेगरी सडकलाई व्यवस्थित बनाउन थालिएको अध्यक्ष बुढामगरले बताए । *रासस*

# गोताखोरको संख्या ११० पुग्यो



**मुग्लिन (चितवन)–** सशस्त्र प्रहरी बल, नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारमा सञ्चालन गरिएको गोताखोर तालिम सम्पन्न भएको छ । चितवनको इच्छाकामना-४ कुरिनघाटस्थित त्रिशूली नदी किनारमा शिक्षालयले गत जेठ ९ गतेदेखि तालिम सञ्चालन गरेको थियो । बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले विपद्को जोखिममा परेका नागरिकको जीवनरक्षा गर्न आफूले सिकेको ज्ञान, सीप र अनुभवलाई इमान्दारिका साथ मानव सेवामा समर्पित गर्न आग्रह गरे ।

उनले भने, 'देशमा मनसुन सुरु भइसकेको छ, नागरिकको जीउधनको सुरक्षा गर्ने कुरालाई केन्द्रबिन्दुमा राखेका छौं ।' प्रदेशसभा सदस्य कृष्णप्रसाद सिलवालले सशस्त्र प्रहरीले नागरिकको सुरक्षाका लागि अहम् भूमिका निर्वाह गरिरहेको बताए । प्रदेश सरकारको सहयोगमा ३६ दिनसम्म सञ्चालित तालिममा १९ जना सहभागिता रहको थियो ।

सो अवसरमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहालले नेपालमा गोतोखोरको संख्या ११० पुगेको जानकारी दिए । शिक्षालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक माधवप्रसाद पौडेलले प्रशिक्षार्थीलाई चितवनको कुरिनटारस्थित त्रिशूली नदी, कास्कीको पोखरास्थित फेवाताल र सुनसरीस्थित कोशी नदीमा तालिमको अभ्यास गराइएको बताए । प्रशिक्षार्थीहरूले पानीजन्य घटना-दुर्घटनामा उद्धारसम्बन्धी नमूना अभ्यास प्रदर्शन गरेका थिए ।

कार्यक्रममा चितवन र गोरखाका स्थानीय पालिकाका प्रमुख-उपप्रमुख, नेपाली सेना नं ६ बाहिनी अड्डा बैरेनी धादिङका बाहिनीपति सहायक रथी रोजप्रताप जबरा, सशस्त्र प्रहरी बल राष्ट्रिय सशस्त्र प्रहरी बल प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक सशस्त्र प्रहरी नायब महानिरीक्षक कमल गिरी, नं ३ गढिमाई बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेश ठाडामगर, चितवन, धादिङ र गोरखाका प्रमुख जिल्ला अधिकारीको उपस्थिति थियो । *रासस*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : KOREA GWAN RESTAURANTCO.

पुर्व स्वीकृति मिति २०८१/03/२१ | LT. No. 307270 | चलानी नं. ६०२२१९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 3 | 0 | 180 | ७८,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Indoor Helper | 6 | 0 | 90 | ३९,२१२ | | | | | | | |
| 3 | Indoor Helper | 1 | 0 | 90 | ३९,२१२ | | | | | | | |
| 4 | waiter | 3 | 0 | 120 | ५२,२८३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २९ गते (13July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क:

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

MOBHIRA H.R. SERVICE PVT. LTD.

Gaushala, Bijayachowk, Kathmandu BAGMATI

Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Modern Elite Trading Company

पूर्व स्वीकृति मिति: २०८१/03/२१ | LT. No. :307229 | चलानी नं.: ६०२२१९५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 14 | 0 | 1000 | ३५,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Modern Food Trading company

पूर्व स्वीकृति मिति: २०८१/03/२१ | LT. No. : 307230 | चलानी नं.: ६०२२१९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 14 | 0 | 1000 | ३५,६२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २९ गते (13July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले    सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd

Ratopul, Gaushala-7, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२२**

यस श्री दक्षिणकाली सामुदायिक वन उपभोक्ता समुह क न पा-५, सिन्धुलीबाट आ.व २०८०/०८१ मा उत्पादन भै समुह क्षेत्रमा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल तथा अन्य जातको गोलिया थान १४४ को कुल २००२.८६ क्युफिट गोलिया काठ व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री दक्षिणकाली सामुदायिक वन उपभोक्ता समुह क न पा-५,सिन्धुली**



## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान १२६ को १७०३.५१ घनफिट काठ र साल समेत मिश्रित जातको दाउरा ५.५० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**कालेश्वर सामुदायिक वन उपभोक्ता समूह**
**बकैया-८, मकवानपुर**



## कानेपोखरी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**कोशी प्रदेश, मोरङ, नेपाल**

**जनहितमा जारी सन्देश**

### उद्योग तथा व्यवसायका लागि

- विक्रेताले विक्री वितरण हुने समानको मूल्यसूचि स्पष्ट रूपमा देखिने गरी विक्री कक्षमा राख्नु पर्नेछ ।
- नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रूपमा नापतौल कार्यालयबाट अनुमति पत्र लिई मात्र प्रयोग गर्ने ।
- आफूले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नविकरण गराउने ।
- नापतौल तथा नाप्ने तौलने यन्त्रहरु विक्री गर्नुपरेमा अनिवार्य रूपमा सम्बन्धित नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
- खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
- नापतोल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
- होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडावर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनाशक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नु पर्ने छ ।
- किट (हानिकारक जीव) हरूको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनु पर्नेछ ।
- विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरूलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिनदेखि ४८ घण्टासम्म काममा नलगाउने ।
- खाने (पकाउने तेल एउटा पदार्थ पक्काइसकेपछि नियमित रूपमा फेरबदल गर्नुपर्नेछ ।
- खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरी राम्ररी पकाउनु पर्नेछ ।
- बासी, सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्य पदार्थ उपभोग नगरौं ।
- मासु, दुग्ध पदार्थ, माछा तथा अण्डालगायत छिटो सडीगली जाने खानेकुराहरूलाई ५ डिग्री सेल्सियस या सोभन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ ।
- पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टाभित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
- तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
- स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
- ढाँटी झुक्काई कम गुणस्तरको खाद्यवस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
- दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवम् गुणस्तरसम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवम् गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन र विक्री वितरण गरौं ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मूल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वास्थ्यमा हानी पुर्‍याउने वस्तु तथा सेवाको विक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएमा आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक ७१ असार १८ गते २०८१ मा प्रकाशित **Overseas Employment (P.) Ltd.** को Lot No. **307016** को **Restaurant Innovative Options To Provide Meals** कम्पनीको विज्ञापनमा **पुर्व स्वीकृति मिति:** २०८१/०३/१७ हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

Overseas Employment (P.) Ltd.

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069

E-mail: overseas4employment@gmail.com



## पूर्वाधार विकास कार्यालय
**भद्रपुर, झापा**


### पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुंगे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

**त्यसैले :**

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं । सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अबरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं । सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाई हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं । सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं । सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो । दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार । आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

# मनप्रिय मनाङ



> कठिन भू-वनोटबीच पनि मनाङ आफैंमा चित्रमय लाग्छ । हिमालले घेरिएको मनाङ जो कोहीको मनप्रिय गन्तव्य हो । यो प्रकृति र संस्कृतिको अनुपम थलो हो । जोखिम झेलेर यात्रा पार गर्ने पर्यटक त्यहाँ पुग्दा भने फुरुंग हुन्छन् । गाह्रोसाह्रो बिर्सिदिन्छन् । मर्स्याङ्दीको सुसाहट, झरनाको छङ्छङ् र सिरसिरे हावाको स्पर्शमा रमाउँछन् । बैंशीसहर-चामे सडक छेउछाउका बुंग, अक्टोपस आदि झरना हेरेर उनीहरू रोमाञ्चित बन्छन् ।

> पर्यटकस्तीय होटल, रेस्टुराँ, चिया-खाजाघर छन्, यहाँ आउने पर्यटकको सुविधालाई हेरेर व्यवसायीले विभिन्न सेवा पनि थपिरहेका छन् । एक्यापले पनि पर्यटकीय पूर्वाधार निर्माण, पर्यटन व्यवसायीको क्षमता अभिवृद्धि, पर्यटकीय गन्तव्यस्थलको प्रवर्द्धनलगायतमा स्थानीय बासिन्दालाई सघाउँदै आएको छ ।

■ **रामबहादुर थापा**

प्रकृतिअघि मानव जातिले गरेका ठूलाठूला आविष्कार पनि कहिलेकाहीँ फिका लाग्छन् । हिमालपारि मनाङको यात्राभर हाम्रो मनमा यस्तै यस्तै कुरा खेलिरहे । अहो ! यी हिमाल, पाखापखेरु, तालतलैया, झरना र नदीनाला । तपाईंलाई आज हामी त्यही प्रकृतिको वैभव मनाङतिर लैजादैछौं । मर्स्याङ्दीको तिरैतिर, पहाडको भिरैभिर ।

कठिन भू-वनोटबीच पनि मनाङ आफैंमा चित्रमय लाग्छ । हिमालले घेरिएको मनाङ जो कोहीको मनप्रिय गन्तव्य हो । यो प्रकृति र संस्कृतिको अनुपम थलो हो । जोखिम झेलेर यात्रा पार गर्ने पर्यटक त्यहाँ पुग्दा भने फुरुंग हुन्छन् । गाह्रोसाह्रो बिर्सिदिन्छन् । मर्स्याङ्दीको सुसाहट, झरनाको छङ्छङ् र सिरसिरे हावाको स्पर्शमा रमाउँछन् । बैंशीसहर-चामे सडक छेउछाउका बुंग, अक्टोपस आदि झरना हेरेर उनीहरू रोमाञ्चित बन्छन् ।

मनाङ पुग्न भीमकाय पहाड, भीरपाखा, खोल्सा र खोँच छिचोलेर अघि बढ्नुपर्छ । पदयात्रा र मोटरयात्रामा मनाङ पुग्न सकिन्छ । त्यहाँको हुम्डे विमानस्थल भने अहिले बन्द छ । विश्वप्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने मनाङ पदयात्राका लागि लोकप्रिय गन्तव्य मानिन्छ । एक दशकअघि मोटर पुगेपछि सडकमार्गबाट मनाङ जाने घुम्न जाने पर्यटक पनि उत्तिकै छन् ।

मनाङ पुग्ने अधिकांशको सपना संसारकै सबैभन्दा अग्लो स्थानमा रहेको तिलिचो ताल र थोरङ भञ्ज्याङ पार गर्ने हुन्छ । तर त्यो सबैका लागि सम्भव हुँदैन । आँटिला र स्वस्थ व्यक्तिले मात्र थोरङ भञ्ज्याङ पार गर्न सक्छन् । मनाङ डिस्याङ गाउँपालिका-९ मा पर्ने तिलिचो ताल सामुद्री सतहदेखि चार हजार ९१९ मिटरको उचाइमा अवस्थित छ । पाँच हजार ४१४ मिटरको उचाइमा रहेको थोरङ भञ्ज्याङ विश्वभरका पर्यटकको रोजाइमा पर्ने गन्तव्यस्थल हो । थोरङ भञ्ज्याङ काटेर पदयात्री पर्यटकहरू मुस्ताङको मुक्तिनाथ क्षेत्र पुग्छन् । मुक्तिनाथ मन्दिर हिन्दू र बौद्धमार्गीको पवित्र धार्मिकस्थल हो ।

मनाङ डिस्याङ-१ भ्राताङमा भेटिएका पर्यटक पथप्रदर्शक अनिल लामा अमेरिकामा बस्ने नेपाली परिवारका सदस्यलाई लिएर थोरङ भञ्ज्याङ जाँदै थिए । सदरमुकाम चामेबाट पदयात्रा सुरु गरेको उनले सुनाए । चामे समुद्री सतहदेखि दुई हजार ८३१ मिटर उचाइमा अवस्थित छ । अग्ला पहाडको खोँच र मर्स्याङ्दी नदीको किनारमा रहेको चामेबजारमा एक रात बिताएर उनीहरू मनाङ गाउँतिर जाँदै थिए ।

'तिलिचो ताल र थोरङ भञ्ज्याङ पार गर्ने हो, छ-सात दिन जति लाग्ला,' उनले भने, 'पहिलो दिन पिसाङ, दोस्रो दिन मनाङ गाउँ र तेस्रो दिन तिलिचो आधार शिविरमा बास बसेर बल्ल तिलिचो ताल पुग्ने योजना छ ।' तिलिचोबाट फर्केर श्रीखर्क हुँदै थोरङ भञ्ज्याङ जाने तालिका रहेको लामाले सुनाए । तिलिचोबाट दुई दिनमा थोरङ भञ्ज्याङ पुग्न सकिन्छ । थोरङ भञ्ज्याङ जान नसक्नेहरू श्रीखर्कबाट खाङ्सार हुँदै मनाङ गाउँ फर्कन्छन् ।

बैंशीसहरबाट मोटरयात्रामा सीधै खाङ्सार पुगेर त्यहाँदेखि दुई दिनको पदयात्रामा तिलिचो ताल पुग्न सकिने लामाले बताए । चामेबाट पदयात्रामा जाँदा भने चार दिन लाग्ने उनको भनाइ छ । चामेका पर्यटन व्यवसायी फुर्वा छिरिङ लामाले पदयात्रीले लिने विश्रामको अवधिले तिलिचो र थोरङ भञ्ज्याङ जान लाग्ने समयको निर्धारण गर्ने बताए । 'प्रायः विदेशीहरू चामेबाट पदयात्रा सुरु गर्छन्, चार/पाँच दिन लगाएर तिलिचो पुग्छन्, नेपालीहरू भने अलि छिट्टै पुग्छन्,' उनले भने ।

पहिलोपटक पुग्ने पर्यटकले तिलिचोलाई 'स्वर्गको टुक्रा' पनि भन्ने गरेको उनले सुनाए । 'तिलिचोलाई चारैतिरबाट हिमालले घेरेको छ, भगवान् शिवले तपस्या गरेको किंवदन्ती रहेकाले धार्मिक हिसाबले पनि यो तालको महत्त्व छ,' फुर्वाले भने, 'तिलिचोसँगै गंगापूर्ण, ग्रीन लेक, काजिन्सारालगायतका तालतलैयाले मनाङको सौन्दर्य बढाएका छन् ।'

कतिपय तालको अझै पहिचान नै हुन नसकेको उनले बताए । तिलिचो र थोरङ भञ्ज्याङबाट अन्नपूर्ण-२, अन्नपूर्ण-४, लमजुङ, मनास्लु, गंगापूर्णलगायत कयौं हिमशृंखलाको एकैसाथ दृश्यावलोकन गर्न सकिन्छ । चामे होटल व्यवस्थापन उपसमितिका अध्यक्ष फुर्वाले पाँच हजार १०६ मिटर उचाइको लार्के भञ्ज्याङ पनि पर्यटकको रोजाइमा पर्ने गरेको बताए ।

गोरखाको मनास्लु संरक्षण क्षेत्रबाट लार्के भञ्ज्याङ काटेर पदयात्री पर्यटकहरू मनाङ छिर्ने गरेको उनको भनाइ छ । 'मनाङको धारापानीबाट तिल्चे, भीमथाङहुँदै लार्के भञ्ज्याङ पार परेर मनास्लु क्षेत्र पनि पुग्न सकिन्छ,' उनले भने । पाँच हजार ३२० मिटर उचाइमा अवस्थित काङ्ला भञ्ज्याङले पनि मनाङ पुग्ने पर्यटकलाई आकर्षित गर्ने गरेको छ । काङ्ला भञ्ज्याङ काटेर मनाङकै पर्यटकीय गाउँ नार पुग्न सकिन्छ । अध्यक्ष फुर्वाले सडक आएपछि अन्नपूर्ण चक्रीय पदमार्गको साख भने गुम्दै गएको बताए ।

'विशेषगरी पदयात्राका लागि विदेशी पर्यटकको रोजाइमा मनाङ पर्ने गर्छ, तर पछिल्लो समय सडक निर्माणका क्रममा पदमार्ग नासिएका छन्, कतै छोटिएका छन्,' उनले भने, 'मनाङको पर्यटनलाई चलायमान बनाइराख्न र विदेशी पर्यटकलाई आकर्षित गर्न वैकल्पिक पदमार्ग बनाउनुपर्छ ।' चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले पदमार्ग संकटमा पर्दा लमजुङ र मनाङका पर्यटन व्यावसायी नै विस्थापित हुने अवस्था आएको बताए ।

'पदयात्रा पर्यटनमा आधारित व्यवसायी पलायन भइरहेका छन्, कति त बस्ती नै विस्थापित भएँ,' उनले भने, 'पुराना पदमार्ग नासिँदा सडकको धुलो र हिलो सहँदै पदयात्रा गर्न पर्यटक बाध्य छन्, यस विषयमा सम्बद्ध सबै पक्ष संवेदनशील र जिम्मेवार हुनुपर्छ ।'

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को इलाका संरक्षण कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले असोजदेखि मंसिर र फागुनदेखि वैशाखसम्म मनाङमा उल्लेख्य संख्यामा पर्यटक भित्रिने गरेको बताए । 'दुईवटा मुख्य याममा मनाङका गन्तव्यस्थल पर्यटकले भरिभराउ हुन्छन्, वर्षात् र जाडोयाममा पनि फाटफुटरूपमा स्वदेशी तथा विदेशी पर्यटक मनाङ घुम्न आइरहन्छन्,' उनले भने ।

प्रमुख भुजेलका अनुसार सन् २०२३ मा २२ हजारभन्दा बढी विदेशी पर्यटकले मनाङ भ्रमण गरेका थिए । बढीजसो युरोपियन मुलुकका पर्यटकको रोजाइमा मनाङ पर्ने गरेको उनको भनाइ छ । हमास-इजरायल युद्धका कारण इजरायलका पर्यटक पछिल्लो समय कम आएको प्रमुख भुजेलले बताए । आन्तरिक पर्यटकको भने यकीन तथ्यांक 'एक्याप'सँग पनि छैन ।

भारतीय र नेपाली पर्यटक मोटरबाइक लिएरै मनाङ पुग्ने गरेका छन् । विकट भूगोल र जोखिमपूर्ण सडकका कारण पनि वर्षात्का बेला मनाङमा पर्यटकीय चहलपहल घट्ने गर्छ । कतिपय होटल तथा रेस्टुराँ अहिले बन्द भइसकेका छन् । 'अफसिजन'मा पर्यटकीय गतिविधि कम हुने भएकाले कतिपय होटल तथा रेस्टुराँ सञ्चालकहरू व्यवसाय नै बन्द गरेर काठमाडौं, पोखरालगायत ठाउँमा जाने गरेका छन् । प्रमुख भुजेलले मनाङमा ३०० भन्दा बढी होटल सञ्चालनमा रहेको जानकारी दिए ।

'पर्यटकस्तीय होटल, रेस्टुराँ, चिया-खाजाघर छन्, यहाँ आउने पर्यटकको सुविधालाई हेरेर व्यवसायीले विभिन्न सेवा पनि थपिरहेका छन्,' उनले भने, 'एक्यापले पनि पर्यटकीय पूर्वाधार निर्माण, पर्यटन व्यवसायीको क्षमता अभिवृद्धि, पर्यटकीय गन्तव्यस्थलको प्रवर्द्धनलगायतमा स्थानीय बासिन्दालाई सघाउँदै आएको छ ।'

रोमाञ्चक र साहसिक पदयात्रा रुचाउनेलाई मनाङ उत्कृष्ट गन्तव्य रहेको प्रमुख भुजेलले बताए । मनोरम प्रकृति, संस्कृति, बौद्ध परम्परा, हिमाली जनजीवन आदि मनाङका पहिचान र आकर्षण हुन् । पृथ्वी राजमार्गमा पर्ने तनहुँको डुम्रेबाट ४२ किलोमिटर मोटरयात्रा लमजुङ सदरमुकाम बेँशीसहर पुग्न सकिन्छ । बेँशीसहरबाट छ घण्टाको मोटरयात्रामा मनाङको चामे र चामेदेखि मनाङ गाउँसम्म साढे दुई घण्टामा पुग्न सकिन्छ ।

मनाङ गाउँबाट भने खाङ्सारसम्म आधा घण्टामै पुग्न सकिन्छ । खाङ्सारबाट अघि सडक पुगेको छैन । चामेबाट भ्राताङ, पिसाङ, हुम्डे हुँदै मनाङ गाउँ जोडिन्छ । मनाङ गाउँबाट नजिकै गंगापूर्ण हिमताल अवस्थित छ । पिसाङमा ग्रीन लेकपर्छ । काजिन्सारा ताल पुग्न भने चामेबाट दुई दिनको पदयात्रा गर्नुपर्छ ।

मनाङको मुख्य आयस्रोतको क्षेत्र पर्यटन रहेको भन्दै पर्यटकीय गन्तव्यस्थलको पहिचान र प्रवर्द्धनका लागि सक्दो पहल लिने गाउँपालिका अध्यक्ष घलेले बताए । मनाङ जोड्ने सडक स्तरोन्नति गर्न सके बर्सेनि ठूलो संख्यामा पर्यटक मनाङ भित्रचाउन सकिने उनको बुझाइ छ । 'पर्यटकीय याममा दैनिक सयौंको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक मनाङ भित्रिने गरेका छन्,' अध्यक्ष घलेले भने, 'पहिले विदेशी पर्यटक बढी आउँथे, पछिल्लो समय आन्तरिक पर्यटकको पनि आवागमन बढेको छ ।' *रासस*

# नरबहादुर चन्द, जसले सुदूरपश्चिममा हकी स्थापित गराए

■ **शेरबहादुर सिंह**

नरबहादुर चन्द भारतमा जन्मिए । उनले माध्यमिक तहको शिक्षा पनि त्यहीँ आर्जन गरे । नरबहादुर कक्षा ६ मा पढ्दादेखि नै हकी खेल्न थालेका हुन् । उनका बुबा भारतको राजस्थान प्रान्तको उदयपुर जिल्लामा एउटा कम्पनीमा काम गर्दथे । नरबहादुर त्यहाँ हकीका अब्बल खेलाडी भएर निस्किए । उनले उदयरपुर जिल्लाको मात्र होइन, राजस्थान प्रान्तको टोलीमा सहभागी भएर हकीमा उत्कृष्ट प्रदर्शन गरे । भारतमा रहँदा जिल्ला र प्रदेशस्तरीय थुप्रै प्रतियोगिता खेलेका नरबहादुर हाल हकीको कञ्चनपुर प्रशिक्षकका रूपमा कार्यरत छन् ।

प्रशिक्षक चन्दले पछिल्लो समय सुदूरपश्चिमलाई हकी खेलको माध्यमबाट पनि चिनाएका छन् । भारतबाट कञ्चनपुर फर्किएपछि उनी यहाँ हकी खेलाडी उत्पादनमा समर्पित छन् । उनकै मिहेनतका कारण हकीमा सुदूरपश्चिम प्रदेश अब्बल छ । वि.सं. २०५२ देखि कञ्चनपुरको महेन्द्रनगरमा हकी प्रशिक्षकका रूपमा कार्यरत चन्दले हालसम्म ८० भन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गरिसकेका छन् ।

सन् १९९५ मा भारतको मद्रास (हाल चेन्नई) मा सातौं दक्षिण एसियाली खेलकुद प्रतियोगिता हुने तय भएको थियो । नेपालमा उक्त प्रतियोगिताको तयारी हुँदै थियो । नेपालले हकीमा भाग लिने भयो । तर नेपालमा हकी खेलको त्यती राम्रो अवस्था थिएन । नरबहादुर हकीमा भारतको राजस्थानमा चिनिएका खेलाडी थिए । उनको खेल देखेर नै भतिज गणेशबहादुर चन्दले नरबहादुरलाई सो प्रतियोगिताबारे जानकारी गराए ।

'घरबाट (महेन्द्रनगर) भतिज गणेबहादुरको फोन आयो, उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको तर्फबाट हकी खेल्ने अवसर छ भनेर खबर गरे,' २९ वर्षअघिको कुरा सम्झिँदै नरबहादुरले भने, 'एक पटकको फोनको भरमा म नेपाल फर्किएँ र सोझै हकीको बन्द प्रशिक्षणमा सहभागी भएँ ।' नरबहादुरका भतिज गणेशबहादुर हाल कञ्चनपुर जिल्ला फुटबल संघका अध्यक्ष छन् । उनी भारतको राजस्थानमा छँदा नरबहादुरका सहपाठी हुन् ।

नरबहादुरले मद्रासमा भएको सातौं दक्षिण एसियाली खेलकुदमा हकीमा उत्कृष्ट खेल प्रदर्शन गरे । 'मेरो प्रदर्शनबाट प्रभावित भएर हकीका तत्कालीन मुख्य प्रशिक्षक अशोक पाण्डेले कञ्चनपुरमा हकी सिकाउन अस्थायी नियुक्ति दिए,' उनले भने । सातौं दक्षिण एसियाली खेलकुदबाट फर्किएदेखि हालसम्म उनी यतै हकी खेलाडी उत्पादनमा सक्रिय छन् ।

नरबहादुर आफूलाई हकीको सफल प्रशिक्षक ठान्छन् । उनी आफ्नो भूमिकाप्रति सन्तुष्ट छन् । 'मैले सिकाएका खेलाडी सुदूरपश्चिमको टोलीमा मात्र होइन देशभर छरिएका छन्,' उनले भने । खासगरी नरबहादुरले उत्पादन गरेका खेलाडीको नेपाल पुलिस क्लब, एपिएफ क्लब र त्रिभुवन आर्मी क्लबमा दबदबा रहेको छ । वि.सं. २०५२ मा हकी प्रशिक्षकका रूपमा जागिर खाएका उनी २०६१ सालमा स्थायी भए । 'पछिसम्म पनि भारतको राजस्थानबाट हकी खेल्न र जागिर खान निम्तो आइरहन्थ्यो,' नरबहादुरले भने, 'म नेपालमै खेलाडी उत्पादनमा लागेँ, यसमै सन्तुष्ट छु ।'

भारतको राजस्थानको उदयपुरमा स्वामी विवेकानन्द उच्च माध्यमिक विद्यालयमा पढ्दा विद्यालयका खेल प्रशिक्षक मधुकान्त सेनाडियाले नरबहादुरलाई हकी खेलमा प्रवेश गराएका हुन् । उक्त विद्यालयमा उनी सुरुआतमा फुटबल खेल्थे । प्रशिक्षक सेनाडियाकै करकापले पछि उनी हकी खेल्न थाले । हकी खेल्न थालेको वर्षदिनमै नरबहादुर जुनियरतर्फ उदयरपुर जिल्लाकै उत्कृष्ट खेलाडी बने । 'त्यतिबेला भारतमा छँदा चारवटा राष्ट्रिय तथा प्रदेशस्तरीय खेलमा सहभागी भएँ,' उनले विगत सम्झिँदै भने ।



सुदूरपश्चिम प्रदेशका नौवटा जिल्लामध्ये कञ्चनपुरमा मात्र हकीको अभ्यास गराइन्छ । यहाँ हकी लोकप्रिय छ । भारतको गुवाहाटीमा भएको ११औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साफ) मा सहभागी नेपालको महिला हकी टोलीमा सबै नरबहादुरले सिकाएका खेलाडी थिए । उनकै मिहेनतका कारण पाचौं र छैटौं बृहत् राष्ट्रिय खेलकुद प्रतियोगितामा सुदूरपश्चिमले महिला हकीमा स्वर्ण पदक जितेको थियो । त्यसपछिका राष्ट्रिय प्रतियोगितामा पनि नरबहादुरले उत्पादन गरेका खेलाडीले उत्कृष्ट खेल प्रदर्शन गर्दै आएका छन् ।

सन् २०१० मा बंगलादेशको ढाकामा भएको १२ औं साफ खेलकुद प्रतियोगितामा हकीमा सहभागीमध्ये अधिकांश खेलाडी नरबहादुरकै उत्पादन थिए । महेन्द्रनगर नजिकैको उल्टाखाम त हकी खेलका नामले परिचित छ । कञ्चनपुरका महेन्द्रनगरस्थित कभर्डहल र भीमदत्त नगरपालिका-३ लक्ष्मी माविको चउरमा उनले हकी सिकाउँदै आएका छन् । उनलाई पूर्वाधार अभाव खड्केको छ । 'फुटबल मैदानमा हकी सिकाउनुपर्ने अवस्था छ,' उनले भने । नरबहादुरले हकीका सिनियर खेलाडी कान्तुराम पनेरुको निजी पहलमा हकी मैदान बनाउन प्रयासरत रहेको बताए । खेल मैदान बनाउन पनेरुसँगै हातेमालो गर्न उनी कस्सिएका छन् ।

'स्तरीय खेल मैदान र खेल सामग्री प्राप्त भए हकीमा धेरै प्रगति गर्न सकिन्छ,' प्रशिक्षक नरबहादुरले उत्साहित हुँदै भने । हालसम्म महेन्द्रनगरस्थित कभर्डहलमा उत्पादन गरेका ६८ तथा उल्टाखाम गाउँमा उत्पादन भएका १६ खेलाडीले नेपालको टोलीमा रहेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हकी प्रतियोगिता खेलिसकेको उनले जानकारी दिए । 'हाल ६५ खेलाडी हकीको नियमित अभ्यासमा छन्,' प्रशिक्षक नरबहादुरले भने । कञ्चनपुर फुटबल संघका अध्यक्ष एवं सहपाठी गणेशबहादुर चन्द नरबहादुरले हकीमा गरेको मिहेनत लोभलाग्दो भएको बताउँछन् । 'खेलमैदान र खेल सामग्री अभावमा पनि प्रतिभावान खेलाडी उत्पादन गर्नु चानचुने कुरा होइन,' उनले भने । *रासस*



**सशस्त्रको नमूना अभ्यास** | चितवनको इच्छाकामना–३ कुरिनघाटस्थित त्रिशूली नदीमा नमूना अभ्यास गर्दै सशस्त्र प्रहरी बलको गोताखोर टोली । *तस्बिरः रासस*

# बैतडीका १८ विद्यालयको एसइई नतिजा शून्य

**बैतडी–** यहाँका १८ विद्यालयले माध्यमिक शिक्षा परीक्षा (एसइई) मा शून्य नतिजा ल्याएका छन् । १२८ सामुदायिक विद्यालयमध्ये १८ वटाको नतिजा शून्य आएको हो ।

परीक्षामा १२८ सामुदायिक र चार संस्थागत विद्यालयको सहभागिता रहेको बताउँदै १८ सामुदायिक विद्यालयको नतिजा शून्य आएको जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइका प्राविधिक सहायक रामचन्द्र भट्टले जानकारी दिए । पछिल्लो समय सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर खस्कँदै गएकाले सोको प्रभाव एसइई नतिजामा देखिएको उनले बताए ।

नतिजाअनुसार सबैभन्दा बढी सुर्नया गाउँपालिकाका छवटा सामुदायिक विद्यालयको नतिजा शून्य आएको छ। दशरथचन्द नगरपालिकाका चार, मेलौली नगरपालिकाका तीन, दोगडाकेदार गाउँपालिकाका दुई, पाटन नगरपालिका, पञ्चेश्वर गाउँपालिका र सिगास गाउँपालिकाका एक-एक विद्यालयको नतिजा शून्य आएको हो ।

सुर्नयाका राष्ट्रिय मावि फाटीगडा, नेपाल राष्ट्रिय मावि ग्वानी, सिगास मावि मुसे, केदार मावि कठमडा, कैलपाल मावि झाडबो र उदयदेव मावि पालीगडाको नतिजा शून्य आएको छ । सदरमुकामस्थित दशरथचन्द नगरपालिकाका गुरुकुल मावि सेरा, सरस्वती संस्कृत मावि नगतडी, शोभा मावि देउमडा र कैलपालेश्वर मावि ऐँचेकाँडाको नतिजा शून्य आएको छ । यस्तै मेलौली नगरपालिकाको केदारेश्वर मावि दुर्गास्थान, सुदर्शन मावि लिखोडा र भरतपुर मावि गाउँकोट तथा दोगडाकेदार गाउँपालिकाको रौलेश्वर मावि कफलकोट र चनैराज मावि बडियाको नतिजा शून्य आएको छ ।

यसैगरी पाटन नगरपालिकाको निलपालेश्वर मावि डडसिली, सिगास गाउँपालिकाको भूमेश्वर मावि थला र पञ्चेश्वर गाउँपालिकाको देवथला मावि बस्कुको नतिजा शून्य आएको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ ।

जिल्लाबाट २०८० सालको एसइईमा सहभागीमध्ये ३१ दशमलव ४९ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका शिक्षा विकास एकाइका प्राविधिक सहायक भट्टले जानकारी दिए । परीक्षाका लागि पाँच हजार ८७ ले फारम भरेकामा चार हजार ८९४ जना सहभागी भएका थिए ।

माध्यमिक तहसम्मको शिक्षा हेर्ने अधिकार अहिले स्थानीय तहलाई भए पनि शिक्षा क्षेत्रलाई प्राथमिकतामा नराख्दा गुणस्तर खस्किँदै गएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख नरेन्द्र अवस्थीले बताए । 'सहरबजारका विद्यार्थी सबै प्रविधिको पहुँचमा हुने र दुर्गमका विद्यार्थी सबै प्रविधिका बारेमा जानकार नहुँदा पनि नतिजा कमजोर आएको हो,' उनले भने । ग्रामीण क्षेत्रका विद्यालयको शैक्षिकस्तर सुधार गर्न तिनै तहका सरकारले प्रभावकारी योजना बनाएर कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिए ।

## बाढी प्रभावित भन्छन्–

# अब हाम्रा दुःखका दिन सुरु भए



■ **झलनाथ खनाल**

**भजनी (कैलाली)–** जिल्लाको भजनी नगरपालिका-३ का सन्तराम चौधरी बर्खायाम सुरु भएसँगै चिन्तित छन् । बर्सेनि काढा नदीको बाढीबाट महिनौं दिनसम्म घरविहीन हुनुपर्ने बाध्यता सन्तरामका लागि अझै अन्त्य हुनसकेको छैन ।

'असोज लागेपछि बर्खाको पीडा कम हुँदै जाँदा असार सुरु भएपछि पुरानै भएर बल्झिएर आउँछ । त्यो पीडामा मल्हम लगाउने कोही छैन,' सन्तराम भन्छन्, 'बाढीबाट विस्थापित भएर सडकमा आउँदा चाउचाउ र चिउरा ल्याएर आउनेहरू त्यो बीचको समयमा कोही पुग्दैनन् । नदी नियन्त्रणका लागि नीति निर्माण बनाएर कार्यान्वयन गर्ने तहमा पुगेकाहरूको बेवास्ताका कारण बर्सेनि हामीलाई सास्ती हुँदै आएको छ ।'

भजनीकी शर्मिला चौधरीलाई पनि बर्खा सुरु भएपछि निकै चिन्ता हुन्छ । उनलाई आफ्नोभन्दा बढी चिन्ता बालबालिका र पशुचौपायाको हुने गरेको छ । 'प्रायः रातिको समयमा आउने बाढीबाट बढी जोखिम हुन्छ । अँध्यारो रातमा बालबालिका, पशुचौपाया र घरका महत्त्वपूर्ण सरसामान कसले र कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता हुन्छ,' शर्मिला भन्छिन्, 'जन्मिँदा त्यहीँ बाढीको जोखिममा जन्मेकी म अन्तिम श्वाससम्म पनि बाढीको चिन्ताले छोड्लाजस्तो लाग्दैन ।'

बाढी र डुबानका कारण विस्थापित भएका नागरिकलाई राहतमा जुट्नुभन्दा सधैंका लागि बाढीको छुटकारा यहाँका स्थानीयले चाहेका क्षितिज चौधरी बताउँछन् । बर्खायाममा डुबानको जोखिम भएका क्षेत्र र बाढीको पानी निकास हुनेगरी स्थानीय सरकार र संघ तथा प्रदेश सरकारले समन्वय गरेर जोखिम कम गर्न पहल गर्नुपर्नेमा उनी जोड दिन्छन् ।

'राहत यसअघि पनि पाएका थियौं, फेरि पाइन्छ । बाढीको दीर्घकालीन समाधान भएको हामीले कहिले देख्न पाउने ?,' क्षितिज प्रश्न गर्छन्, 'राहतबापत आएको चाउचाउ, चिउरा र एक बोतल पानीले एकपटकको भोक र प्यास मेटिन्छ तर हाम्रो दुःख मेटिनेगरी काम होस् भन्ने चाहना छ ।'

भजनी-१ ठेंगरपुरका भलमन्सा राजु चौधरीको बुधबार आएको कान्द्रा नदीको बाढीले घरमा भएका सबै खाद्यान्न सामग्री नष्ट भएका छन् । एकाएक नदीमा आएको बाढी बस्तीमा पसेपछि स्थानीयले घरमा भएको खाद्यान्नसहित आवश्यक सामान सुरक्षित गर्न नसक्दा नष्ट भएको राजु बताउँछन् । 'खासै वर्षा भएको थिएन । एकाएक बाढी बस्तीमा पसेपछि धनमाल जोगाउन सकिएन,' उन भन्छन्, 'आफ्नो आवासको व्यवस्थापन कता गर्ने, खाद्यान्नको व्यवस्थापन गर्ने भन्ने चिन्ता थपिएको छ ।'

सोही ठाउँका कल्लु चौधरी कान्द्रा बर्सेनि दुःख बनेर आउने गरेको बताउँछन् । 'बर्खा बर्सेनि हाम्रा लागि दुःखको समय हो । कुनै वर्ष छैन होला घर छाडेर त्रिपालमा गएर बस्नु नपरेको,' उनी भन्छन्, 'स्थानीयको समस्या तिनै तहका सरकारलाई जानकारी हुँदा पनि दीर्घकालीन समस्या समाधानतर्फ ध्यान जान सकेको छैन ।' स्थानीय जनप्रतिनिधिले विशेष पहल गर्नुपर्नेमा उनी जोड दिन्छन् ।

भजनी नगरपालिकाका नगरप्रमुख केवल चौधरी स्थानीय सरकारको स्रोतले यहाँका नागरिकलाई ओभानोमा राख्न सक्ने स्थिति नरहेको बताउँछन् । प्रदेश र संघ सरकारसँग समस्या समाधानका लागि आग्रह गरिएको भन्दै हालसम्म भजनीको दुःखमा मल्हम लगाउन नसकेको उनी बताउँछन् । 'म आफैं पनि बाढीबाट प्रभावित हुँदै आएको छु । यस वर्ष नगरपालिका क्षति कम गर्ने योजनाअनुसार पूर्वतयारीमा लागेको छ । यसमा प्रदेश र संघ सरकारले सहकार्य र समन्वय गर्ने विश्वास लिएका छौं,' नगरप्रमुख चौधरी भन्छन् । दीर्घकालीनरूपमा नदी नियन्त्रण नहुँदा बर्सेनिको बाढीले स्थानीयलाई सास्ती हुने गरेको छ ।

भजनी नगरपालिकामा काढा, कान्द्रा र पथरैया नदीको बाढीले बर्सेनि हजारौं नागरिक विस्थापित हुँदै आएका छन् । बाढीबाट प्रभावित नागरिकका लागि हुलाकी राजमार्ग आश्रयस्थल बन्दै आएको छ । *रासस*

# चितवनका एक लाख २८ हजार जना विपद्को जोखिममा

**चितवन–** जिल्लामा विपद्बाट २५ हजार ५८८ परिवार प्रभावित हुने अनुमान गरिएको छ । यस वर्ष मनसुनजन्य विपद्बाट एक लाख २८ हजार ५६५ जना प्रभावित हुने जिल्ला विपद् व्यवस्थापन समितिले अनुमान गरेको छ ।

समितिले तयार पारेको मनसुन पूर्वतयारी प्रतिकार्य योजना, २०८१ अनुसार जिल्लाका सात पालिकामा विभिन्न नदी र खोलाबाट हुने डुबान र कटानको अनुमानित विवरण लिइएको सहायक प्रमुख जिल्ला अधिकारी खिमानन्द भुसालले जानकारी दिए ।

भुसालको संयोजकत्वमा गठित प्रतिकार्य योजना तयारी समितिले विपद् व्यवस्थापन समितिमा प्रस्तुत गरेको तथ्यांकानुसार जिल्लामा सबैभन्दा बढी राप्ती नगरपालिकामा कटान तथा डुबानबाट नौ हजार ८६० परिवारका ५० हजार ९५० जना प्रभावित हुने देखिएको छ ।

भरतपुर महानगरपालिकामा छ हजार ६२५ परिवारका ३३ हजार १७५, माडी नगरपालिकाका चार हजार १६१ परिवारका १९ हजार ७३०, रत्ननगर नगरपालिकाका दुई हजार ३८१ परिवारका ११ हजार ९०५ जना प्रभावित हुने अनुमान गरिएको सहायक प्रजिअ भुसालले बताए ।

इच्छाकामना गाउँपालिकामा मनसुनका कारण एक हजार २५६ परिवारका छ हजार २८०, कालिका नगरपालिकामा एक हजार पाँच परिवारका पाँच हजार २५ र खैरहनी नगरपालिकाका ३०० परिवारका एक हजार ५०० जना प्रभावित हुने योजनामा जनाइएको छ । बाढीका कारण सबैभन्दा बढी भरतपुर महानगरपालिका प्रभावित हुने भुसालले जानकारी दिए । उनका अनुसार बाढीबाट भरतपुर-१६, १७, १८, २७, २८ र २९ तथा माडी-१, २, ३, ६ र ७ प्रभावित हुने देखिएको छ ।

पहिरोका कारण भरतपुर महानगरपालिका र इच्छाकामना गाउँपालिका, डुबानबाट माडी र राप्ती नगरपालिका, खडेरीबाट भरतपुर महानगरपालिका, राप्ती र माडी नगरपालिका, महामारीबाट भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, माडी नगरपालिका एवं सुकुम्बासी बस्ती रहेको क्षेत्र, सहरी क्षेत्र र पहाडी क्षेत्र अतिप्रभावित हुने कार्ययोजनामा उल्लेख गरिएको छ । *रासस*


## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रवाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भएको जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १३२ को १०८३.९९ घनफिट काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**सल्लेडाँडा सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–६, मकवानपुर**

## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२२**

यस श्री रक्तदेवी सामुदायिक वन उपभोक्ता समुह क न पा-८, सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भै समुह क्षेत्रमा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल तथा अन्य जातको गोलिया थान १५९ को कुल २५९८.०३ क्युफिट गोलिया काठ र दाउरा ६.०० चट्टा व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उधोगहरूले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री रक्तदेवी सामुदायिक वन उपभोक्ता समुह क न पा–८, सिन्धुली**

## Free Visa!! Free Ticket!!
## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHARAFI GLOBAL FOR GEN TRADING AND CONTRACTING CO

पूर्व स्वीकृति मिति २०८०/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/03/२१ | LT. No. 293951 | चलानी नं. ६०२०९११८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 135 | ५८,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्कः निःशुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७
VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194839, 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AMIANTIT QATAR PIPES CO. LLC

पुर्व स्वीकृति मिति २०७९/०९/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/03/२१ | LT. No. : 278635 | चलानी नं. ६०१९४१०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 8 | 0 | 1000 | ३६,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

The Centre Overseas Pvt. Ltd.
THE CENTER OVERSEAS CONCERN PVT.LTD
श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAWAKD CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०७९/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/03/२१ | LT. No. 282856 | चलानी नं. ६०१९८२६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 30 | 0 | 1000 | ३५,१२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 3 | 0 | 1000 | ३५,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALI AL AWAMI CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८१/०३/२० | LT. No. 307027 | चलानी नं. ६०२२१८९७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Pashupati
श्रम ईजाजत नं. १४००/०७४/०७५
Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454, www.pashupatihr.com.np




## 'माइली'को दुई गीत रेकर्ड

रूना इन्टरटेनमेन्टको ब्यानरमा बाबू साहेब बलामीको कन्सेप्ट र निर्देशनमा निर्माण हुने फिल्म 'माइली'को बिहीबार एकसाथ दुई गीत रेकर्ड गरिएको छ । २१ स्टुडियोमा अस्मिता अधिकारीको स्वरमा 'न त दिनले साथ दियो, न त दियो रातले' र शान्ति श्री परियार र विन्दु परियारको स्वरमा 'खोली सलल छमछमी नाँचेपछि मनै झलल'बोलका गीत रेकर्ड गरिएको हो । दुवै गीतमा शंकर अधिकारी 'घायल'को शब्द र राजेन्द्र बजगाईँको संगीत छ ।






# आदिवासी चलचित्र ऐनको अभावले ओझेलमा पर्‍यो : भुवन केसी




■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसीले नेपालमा निर्माण भएका आदिवासी जनजाती चलचित्रले विश्वमा नेपालको नाम चिनाउने काम गरेको बताएका छन् । आदिवासी जनजातीले आफ्नो भाषासंस्कृतिलाई मध्यनजर गर्दै फिल्म निर्माण गरेपनि नेपालमा यस बिषयमा ऐन अभावका कारण ओझेमा पर्ने गरेको उनको धारणा रहेको थियो ।

चलचित्र विकास बोर्ड अन्तर्गतको 'आदिवासी जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समिति'ले बिहिबार इटहरीमा आयोजना गरेको 'बृहत् बिचार गोष्ठी कार्यक्रम-२०८१'मा बोल्दै केसीले आदिवासी जनजाती चलचित्रकर्मीको गतिबिधि बढ्दै गएको खुसी ब्यक्त गरे । उनले नेपाली कलासंस्कृति नेपालको गौरव भएको बताउँदै यसलाई विश्वमाझमा पुर्‍याउने सबैभन्दा सजिलो माध्यम नै चलचित्र भएको उल्लेख गरे ।

आदिवासी जनजाति चलचित्रकर्मी महासंघ, कोशी प्रदेशको सह-आयोजना रहेको कार्यक्रममा आदिवासी जनजाति मातृभाषीहरूका बिभिन्न झाँकी समेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा बोल्दै चलचित्रकर्मी महासंघ कोशी प्रदेशका अध्यक्ष अरुणकुमार प्रधानले चलचित्र विकास बोर्ड अब काठमाडौंमा मात्रै सीमित नभएको बताए । चलचित्र विकास बोर्डले पछिल्लो समय देशव्यापी कार्यक्रमहरू आयोजना गरिरहेको उनको भनाई थियो । अभिनेत्री मिरुना मगरले चलचित्र क्षेत्र आफ्ना लागि बिद्यालय जस्तै भएको बताइन् । उनले आफुले धेरै समुदायको पात्र बनेर अभिनय गर्न पाएकोमा खुसी ब्यक्त गरिन् ।

आदिवासी जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समितिका संयोजक ज्योतिराज राईले चलचित्र नगरीको विकासमा सबै समुदायको उत्तिकै भूमिका रहेको बताए । उनले एक समुदायले अर्को समुदायलाई आफ्ना संस्कार संस्कृतिहरूको विषयमा जानकारी दिने र लिने वातावरण सृजना गर्न' अहिले अपरिहार्य भएको उनको भनाई थियो ।

कार्यक्रममा चलचित्र क्षेत्रमा योगदान पुर्‍याउने अभिनेत्री मिरुना मगर, गीतकार तथा समाज सेवी मिना सिंगक, निर्माता तथा निर्देशक लाख बहादुर तामाङ, कलाकार तथा समाजसेवी डा.सञ्जय खतिवडा, कलाकार तथा निर्माता नवीन पराजुली, लिम्बु चलचित्र 'हाङनाङ'का निर्देशक तथा अनाम रंगमञ्चका अध्यक्ष विजय सन्योक सुब्बा, भुजेल चलचित्रकर्मी संघ केन्द्रिय वरिष्ठ उपाध्यक्ष राजकुमार भुजेल, संस्कार संस्कृति अध्ययन मन्चका कार्यवाहक अध्यक्ष डिक बहादुर भुजेल, भुजेल चलचित्रका सह-नायक सुरज भुजेल लगायतलाई सम्मान समेत गरिएको थियो । चलचित्र विकास बोर्ड अन्तर्गतको 'आदिवासी जनजाति मातृभाषी चलचित्र प्रवर्द्धन समिति'ले पछिल्लो समय देशका विभिन्न ठाउँमा पुगेर कार्यक्रम मार्फत आदिवासी जनजाति तथा मातृभाषीका चलचित्र निर्माण र प्रवर्द्धनमा प्रोत्सान मिल्ने कार्यक्रम र सहजिकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।



# कल्कीको सफलतापछि प्रभासको सलार-२ को छायांकन छिट्टै

■ प्रभाव संवाददाता

**काठमाडौं–** हालै प्रभासको फिल्म 'कल्की २८९८ एडी' रिलिज भएको छ । यो चलचित्रले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेको छ । अब प्रभासको बहुप्रतिक्षित चलचित्र 'सालार २' को छायांकन छिट्टै सुरु हुने भएको छ ।

पान इन्डिया स्टार प्रभासको फिल्म 'कल्की २८९८ एडी' मा आफ्नो दमदार भूमिकाका कारण चर्चामा छन् । फिल्मलाई फ्यानहरूले निकै रुचाइरहेका छन् । फिल्म 'कल्की २८९८ एडी' ले अहिलेसम्म राम्रो कमाई गरिरहेको छ ।

'कल्की २८९८ एडी' को मज्जा लिइरहेका प्रभासका फ्यानहरूका लागि खुसीको खबर छ । अभिनेताको फिल्म 'सलार २' को छायांकन छिट्टै सुरु हुँदैछ । सन् २०२३ मा रिलिज भएको 'सालार पार्ट १' को अपार सफलतापछि निर्देशक प्रशान्त नील चाँडै 'सालार २' को सुटिङ सुरु गर्न लागेका हुन् । मिडिया रिपोर्टका अनुसार 'सालार' ले टिकट विन्डोबाट ७ सय करोड भारु कमाएको थियो, त्यसपछि यो फिल्मको सिक्वेलको पनि घोषणा गरिएको थियो । 'सलार' को सिक्वेल 'सालार २' को छायांकन अगस्त १० बाट सुरु हुँदैछ । मिडिया रिपोर्टका अनुसार 'सलार २' को २० प्रतिशत सुटिङ भइसकेको छ, जुन प्रभास र पृथ्वीराजबीच छायांकन गरिएको छ । फिल्मको अधिकांश छायांकन रामोजी फिल्म सिटीमा हुनेछ ।

मिडिया रिपोर्टका अनुसार फिल्म 'सालार २' को दोस्रो भागको कथा त्यहीँबाट सुरु हुनेछ जहाँ यो समाप्त भएको थियो । 'सलार' मा प्रभास बाहेक पृथ्वीराज सुकुमारन, श्रेया रेैी, श्रुति हासन, मीनाक्षी चौधरी लगायतका कलाकारले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । 'सालार १' जस्तै फिल्म 'सालार २' पनि प्रशान्त नीलले लेखेका हुन् भने निर्देशन पनि प्रशान्तले नै गर्नेछन् । होम्बले फिल्म्सको तर्फबाट विजय किरागण्डुरले निर्माण गर्नेछन् ।

फिल्ममा प्रभासका अलावा पृथ्वीराज सुकुमारन, श्रुति हासन र जगपति बाबु पनि देखिनेछन् । 'सालार २' बाहेक प्रभासको आगामी फिल्महरूको बारेमा कुरा गर्दा, यो सूचीमा 'बाहुबली ३', 'स्पिरिट', 'राजा साहेब' र निर्देशक हनु राघवपुडीको पिरियड ड्रामा फिल्म समावेश छ ।



# सन्दीपलाई क्यानले दियो 'ए' ग्रेडको केन्द्रीय सम्झौता

■ प्रभाव संवाददाता



काठमाडौं– नेपाल क्रिकेट संघ (क्यान) ले सन्दीप लामिछानेलाई केन्द्रीय सम्झौतामा अनुबन्ध गरेको छ । क्यानको केन्द्रीय कार्यसमितिको बैठकले सन्दीपलाई जुलाई १ देखि ३१ डिसेम्बर, २०२४ सम्म ए ग्रेडमा रहने गरि केन्द्रीय सम्झौतामा अनुबन्ध गरेको हो । ए ग्रेडमा रहने खेलाडीलाई क्यानले हरेक महिना एक लाख पारिश्रमिक दिने गर्दछ ।

क्यानको केन्द्रीय सम्झौताको ए ग्रेडमा कप्तान रोहित पौडेल, करण केसी, सोमपाल कामी, दिपेन्द्र सिंह ऐरी, असिफ सेख र कुशल भुर्तेल रहेका छन् ।

त्यस्तै ग्रेड 'बी' मा भने कुशल मल्ल, गुल्सन झा, भिम सार्की, ललित नारायण राजवंशी, आरिफ शेख र अविनाश बोहरा परेका छन् । उनीहरूले प्रत्येक महिना ७० हजार पारिश्रमिक पाउने छन् । ग्रेड 'सी' मा विनोद भण्डारी, अर्जुन साउद, सन्दिप जोरा र प्रतिश जिसी छन् । उनीहरूले ५५ हजार पाउने छन् । ग्रेड 'डी' मा परेका पवन सर्राफ, सागर ढकाल, अनिल साह, विवेककुमार यादव, आकाश चन्द, वसिर अहमद र सुर्य तामाङले मासिक ३५ हजार पाउने क्यानले जनाएको छ ।

### आदिलको निलम्बन फुकुवा

नेपाल क्रिकेट संघ (क्यान)ले अलराउन्डर आदिल आलममाथिको निलम्बन फुकुवा गर्ने भएको छ । म्याच फिक्सिङमा अदालतबाट सफाइ पाएपछि उनीमाथिको निलम्बन फुकुवा गर्न केन्द्रीय समितिको बैठकलले अनुशासन समितिलाई एक हप्ताभित्र आवश्यक निर्णय गर्ने जिम्मेवारी दिएको हो ।

### महिला क्रिकेट खेलाडी बेगम निलम्बनमा



नेपाल क्रिकेट संघ (क्यान)ले राष्ट्रिय महिला क्रिकेट टिमकी खेलाडी अप्सरी बेगमलाई निलम्बन गरेको छ । बिहीबार बसेको केन्द्रीय कार्यसमितिको बैठकले राष्ट्रिय टिमको बन्द प्रशिक्षणको क्रममा व्यवस्थापन र प्रशिक्षकमाथि अभद्र व्यवहार गरेको भन्दै निलम्ब गरेको जनाएको छ । बन्द प्रशिक्षणका क्रममा अप्सरीले आचारसंहिता उल्लंघन गरी टिमका व्यवस्थापक र प्रशिक्षकमाथि अभद्र व्यवहार गरेको क्यानले जानकारी दिएको छ ।

क्यानले भनेको छ- 'एसीसीको कार्यक्रमअनुसार जुलाई १९ देखि २८, २०२४ सम्म श्रीलंकामा सञ्चालन हुने वुमन्स टी-२० एशिया कप क्रिकेट प्रतियोगितालाई मध्यनजर राखी हाल: काठमाडौँमा सञ्चालन भइरहेको बन्द प्रशिक्षण शिविर दौरान नेपाली महिला राष्ट्रिय क्रिकेट टीमकी खेलाडी अप्सरी बेगमले राष्ट्रिय महिला टोलीका टीम व्यवस्थापक र टीम प्रशिक्षक माथी गरेको अभद्र व्यवहार गरी संघको आचारसंहिता उल्लंघन गरेकोप्रति संघको गम्भीर ध्यानाकर्षण भएको हुँदा निज खेलाडीलाई तत्कालका लागि निलम्बन गर्ने र थप छानविन गरी आवश्यक निर्णय गर्न अनुशासन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।'

## पारा तथा विशेष खेलकुद

# अकल र जेनिशालाई स्वर्ण

■ प्रभाव संवाददाता



**काठमाडौं–** अकल तामाङ र जेनिशा कडायतले पारा तथा विशेष खेलकुदअन्तर्गत पारा पौडी प्रतियोगितामा बिहीबार स्वर्ण जितेका छन् । व्हीलचेयरतर्फ २५ मिटर फ्रि स्टायलको पुरुषमा अकल र महिलामा जेनिशा पहिलो भएका हुन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को आयोजना तथा राष्ट्रिय पारा पौडी संघ नेपालको व्यवस्थापनमा भएको प्रतियोगितामा अकलले निर्धारित दूरी पूरा गर्न १८.६७ सेकेन्ड खर्चे । विराज भाट दोस्रो तथा विष्णुपुकार श्रेष्ठ तेस्रो भए । जेनिशाले निर्धारित दूरी तय गर्न ३४.४४ सेकेन्ड समय खर्चिन् । जुनु शाही दोस्रो तथा सङ्गीता माझी तेस्रो बने ।

जोरपाटीस्थित पिस क्लबमा भएको प्रतियोगिताको पुरुष स्टेन्डिङ २५ मिटर फ्रि स्टायलमा हर्कमान घर्ती मगरले स्वर्ण जिते । उनले १९.३२ सेकेन्ड समय लगाए । लिङजेन लामाले रजत तथा रमेश खत्रीले कांस्य जिते । सो स्पर्धाको महिलामा डा. समना गैरे पहिलो भइन् । समनाले १९.८८ सेकेन्डमा दूरी तय गरिन् । मन्नु चौधरी दोस्रो तथा पार्वती खत्री तेस्रो भए ।

विजेतालाई राखेपकी सदस्य एवं प्रतियोगिता संयोजक पेमा डोल्मा लामा, राखेपकी सदस्य विना श्रेष्ठ, राष्ट्रिय पारा पौडी संघ नेपालका अध्यक्ष सरोज श्रेष्ठलगायतले एक कार्यक्रमबिच पुरस्कृत गरे । एक दिने प्रतियोगितामा ३० खेलाडीले ४ स्पर्धामा प्रतिस्पर्धा गरेका थिए । प्रतियोगिताको अघिल्लो दिन बुधबार ५० खेलाडीलाई प्रशिक्षण गराइएको थियो । प्रशिक्षणमा समावेश खेलाडी मध्येबाट प्रतियोगिताका लागि ३० खेलाडी छनोट गरिएको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

# १० किमि दौडमा नरेन्द्र र राज्यलक्ष्मी बने विजेता

■ प्रभाव संवाददाता

**दमक (झापा)–** दमकमा आयोजित १० किलोमिटर लामो दौडमा पुरुषतर्फ सशस्त्र प्रहरी बलका नरेन्द्रसिंह रावल र महिलातर्फ जुम्लाकी राज्यलक्ष्मी रावल पहिलो भएका छन् । बैतडी घर भई हाल सशस्त्र प्रहरी बलमा कार्यरत रावलले निर्धारित दूरी ३१ मिनेट ३० सकेन्डमा पार गरी पहिलो भएका हुन् । उनले उपाधिसँगै रु ५० हजार र प्रमाणपत्र प्राप्त गरे ।

उक्त दौडमा बझाङ घर भई हाल सशस्त्र प्रहरी बलमा कार्यरत करण रावलले ३१ मिनेट ४६ सेकेन्डमा दूरी पार गर्दै दोस्रो, ओखलढुङ्गाका मिङमारसिङ्गी तामाङ (३२ मिनेट २० सेकेन्ड) तेस्रो, तेह्रथुमका विज्ञान लिम्बूले (३३ मिनेट २४ सेकेन्ड) चौथो, भारतका विवेक क्षेत्री (३३ मिनेट ५७ सेकेन्ड) पाँचौं तथा भोजपुरका पवन राई (३४ मिनेट ४२ सेकेन्ड) छैटौं भए ।

दौडमा ४५ मिनेट १२ सेकेन्डमा निर्धारित दूरी पार गरी भोजपुरकी बिनीता राई दोस्रो, भोजपुरकै जुही राई (४५ मिनेट ५० सेकेन्ड) तेस्रो, पाँचथरकी पुष्पा शेर्मा लिम्बू (४८ मिनेट ५० सेकेन्ड) चौथो, भोजपुरकी जुली राई (४८ मिनेट ३४ सेकेन्ड) पाँचौं र इलामकी यमुना लिम्बू (५१ मिनेट ३३ सेकेन्ड) छैटौं स्थान प्राप्त गर्न सफल भए ।

प्रतियोगिता संयोजक समुन्द्रा लामाका अनुसार सो दौडमा महिला र पुरुषतर्फ प्रथम हुनेलाई रु ५० हजार, दोस्रोलाई रु २५ हजार, तेस्रोलाई रु १५ हजार, चौथोलाई रु पाँच हजार, पाँचौंलाई रु तीन हजार र छैटौंलाई रु दुई हजार पुरस्कार गरिएको छ ।

पुरुषतर्फ पाँच किलोमिटर दौडमा सरोज सिंह पहिलो, ओसन राई दोस्रो, पवनकुमार साह तेस्रो, सुमन भण्डारी चौथो र केशव थापा पाँचौं भए । महिलातर्फ सुनकला राई पहिलो, नुसा लिम्बू दोस्रो, समीक्षा परियार तेस्रो, अनुसा धिमाल चौथो, मनिका मुर्मु पाँचौं र युनिशा लिम्बू छैटौं भए । सो दौडमा महिला र पुरुषतर्फ पहिलो हुनेलाई रु १५ हजार, दोस्रोलाई रु १० हजार, तेस्रोलाई रु पाँच हजार, चौथोलाई रु दुई हजार र पाँचौंलाई रु एक हजार पुरस्कार प्रदान गरियो । मानव हित संरक्षण मञ्चले उक्त दौड प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिताको उद्घाटन कोशी प्रदेश सरकारका पर्यटन, वन तथा वातावरणमन्त्री नारायण बुर्जा मगरले गरेका थिए ।

# कोपा अमेरिका: अर्जेन्टिना सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** अर्जेन्टिना कोपा अमेरिकाको सेमिफाइनलमा पुगेको छ । क्वाटरफाइनल खेलमा इक्वेडरलाई पेनाल्टी सुटआउटमा ४-२ गोलले पराजित गर्दै अर्जेन्टिना सेमिफाइनलमा पुगेको हो । पेनाल्टी सुटआउटमा लियोनेल मेसीले अर्जेन्टिनाका लागि हानेको पहिलो पेनाल्टी मिस गरेका थिए । मेसीले हानेको बल बारमा लागेर बाहिरिएको थियो । तर अर्जेन्टिनाका लागि अन्य चार खेलाडीले गोल गरेपछि जित सुनिस्चित भएको हो । इक्वेडरका दुई खेलाडीले प्रहार गरेको पेनाल्टी अर्जेन्टिनाका गोलकिपरले बचाएका थिए । यसअघि निर्धारित ९० मिनेटको खेलमा अर्जेन्टिना र इक्वेडरले १-१ गोल गरेपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट भएको थियो । कोपा अमेरिकाको क्वाटरफाइनलदेखिका खेलमा ३० मिनेटको अतिरिक्त समय राखिएको छैन ।

खेलको ३५औं मिनेटमा लिसान्द्रो मार्टिनेजको गोलमा अर्जेन्टिनाले शुरुवाती अग्रता लिएको थियो भने खेलको ९० मिनेटपछिको इन्जुरीसमयमा केभिन रोड्रीगेजले गोल गर्दै इक्वेडरका लागि खेल बराबरी गरेका थिए । अब सेमिफाइनलमा अर्जेन्टिनाले भेनेजुएला र क्यानडाबीचको विजेतासँग खेल्ने छ । यो खेल जुलाई ९ मा हुने छ ।



कजाकिस्तानको अस्तानामा रहेको अक ओर्डा राष्ट्रपति भवन र वरपरका भवनहरूको दृश्य । *तस्बिरः सिन्ह्वा*

# राष्ट्रसंघका महासचिवद्वारा विश्वव्यापी एकताको आह्वान

**अस्ताना (कजाखस्तान)–** संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले राष्ट्रसंघको महत्त्वपूर्ण साझेदारका रूपमा सांघाई कोअपरेसन अर्गनाइजेसन (एससिओ) को भूमिकालाई जोड दिँदै कठिन विश्वव्यापी परिस्थितिका बीच विश्वव्यापी एकताका लागि आग्रह गरेका छन् ।



राजधानी अस्तानामा आयोजित एससिओ शिखर सम्मेलनलाई सम्बोधन गर्दै महासचिव गुटेर्रेसले विश्वव्यापी चुनौतीको समाधानका लागि व्यक्तिगत प्रयासभन्दा सामूहिक ऐक्यबद्धताको आवश्यकतामा जोड दिए । 'यी विश्वव्यापी चुनौतीलाई कुनै पनि राष्ट्रको एकल पहलमा समाधान गर्न सकिँदैन,' उनले उग्र युद्ध, भूराजनीतिक विभाजन र दण्डहीनताको समस्यातिर औंल्याउँदै भने ।

महासचिव गुटेर्रेसले विश्वव्यापीरूपमा दिगो विकास र मानवअधिकारको उपभोगका लागि शान्तिको वकालत गर्दै संयुक्त राष्ट्रसंघको बहुपक्षवादको केन्द्रीय भूमिकालाई उल्लेख गरे । उनले गाजा, युक्रेन र अफगानिस्तानजस्ता द्वन्द्व क्षेत्रमा तत्काल मानवीय युद्धविराम र समावेशी शासनका लागि आग्रह गरे ।

जलवायु संकटलाई सम्बोधन गर्दै गुटेर्रेसले महत्त्वाकांक्षी उत्सर्जन कटौती र जलवायु न्यायको आवश्यकतामा जोड दिँदै भने, 'जलवायु परिस्थिति बिग्रिँदै छ, यसले पानी र खाद्य सुरक्षालाई खतरा पुऱ्याइरहेको छ र राजनीतिक अस्थिरतालाई बढावा दिइरहेको छ ।' उनले विकसित देशहरूलाई जलवायु कार्यलाई समर्थन गर्न नवीन वित्तीय संयन्त्रहरू अवलम्बन गर्न आग्रह गरेका छन् ।

प्राविधिक क्षेत्रको अनियमित प्रयोगविरुद्ध चेतावनी दिँदै गुटेर्रेसले दिगो विकासका लागि आर्टिफसियल इन्टेलिजेन्स (एआई) को सम्भावनालाई प्रकाश पारे । उनले एआईसम्बन्धी नीतिहरूलाई आकार दिन समावेशी विश्वव्यापी सहभागिताको आवश्यकतामा जोड दिएका हुन् । विश्वव्यापी शासन संस्थाहरू पुरानो र समकालीन चुनौतीहरूलाई सम्बोधन गर्न अपर्याप्त भएको भन्दै महासचिव गुटेर्रेसले यसको सुधार आवश्यक रहेको बताए । उनले संयुक्त राष्ट्र सुरक्षा परिषद्लाई सुधारको प्रस्ताव राख्दै आजको विश्वको वास्तविकतालाई प्रतिविम्बित गर्ने नयाँ विश्वव्यापी एजेन्डा तयार गर्न वकालत गरेका छन् ।

गुटेर्रेसले आशावादी हुँदै आगामी सेप्टेम्बरमा हुने 'फ्युचर' शिखर सम्मेलनमा विश्व एकताको आह्वान गरेका छन् । 'विश्व एकसाथ अगाडि बढ्नका लागि यो एउटा महत्त्वपूर्ण क्षण हो, उनले अन्तर्राष्ट्रिय सुधार र सहयोगको सन्दर्भमा महत्त्वपूर्ण छलफलका लागि विश्व नेताहरूलाई न्युयोर्कमा आमन्त्रित गर्दै बताए । *रासस/एएनआई*

# बेलायतमा लेबर पार्टीको फराकिलो जित, स्टार्मर नयाँ प्रधानमन्त्री बन्ने

**लन्डन–** किअर स्टार्मरको नेतृत्वमा रहेको लेबर पार्टीले बेलायती संसद्को तल्लो सदनमा स्पष्ट बहुमतसहित विजय प्राप्त गरेको छ । संसद्को ६५० सिटमध्ये दुई सिटको घोषणा हुन बाँकी रहँदा लेबर पार्टीले ४१२ सिट जितेको छ । कन्जरभेटिभ पार्टी १२१ सिटमा सीमित भएको छ ।



बहुमतका लागि आवश्यक ३२६ भन्दा बढी सिट लेबर पार्टीले जितेपछि बेलायती प्रधानमन्त्री ऋषि सुनकले आमनिर्वाचनमा हार भएको स्वीकार गरेका छन् । बिबिसी, आइटिबी र स्काई न्युजले गरेको एक्जिट पोलले केही घण्टा अघि लेबरले ४१० सिटको शानदार जित हासिल गर्ने अनुमान गरेका थिए भने कन्जरभेटिभका लागि सिटको संख्या १३१ मा कायम हुने अनुमान गरिएको थियो ।

लेबर पार्टीले यो आमचुनाव जितेको बताउँदै नेता स्टार्मरलाई जितका लागि बधाई दिएको सुनकले उल्लेख गरेका छन् । बेलायती जनताले गम्भीर फैसला दिएको तथा त्यहाँ सिक्नुपर्ने धेरै कुरा भएको बताउँदै उनले हानिको जिम्मेवारी लिने उल्लेख गरेका छन् । प्रधानमन्त्री सुनकले राजा चार्ल्स तृतीयलाई भेटी चाँडै आफ्नो राजीनामा घोषणा गर्ने अपेक्षा गरिएको छ । यसले स्टार्मरलाई बेलायतको नयाँ प्रधानमन्त्रीको पदभार ग्रहण गर्ने मार्ग प्रशस्त गर्ने छ । स्टार्मरले लेबर पार्टीको बहुमत पुष्टि भएपछि मध्य लन्डनमा जनतालाई सम्बोधन गर्दै भने, 'हामीले जित्यौं । तपाईंले यसका लागि अभियान चलाउनुभयो, संघर्ष गर्नुभयो, र जितको अवस्था आइपुगेकोले परिवर्तनको अनुभूति छिट्टै हुने छ ।'

उनले भने, 'बेलायती जनताले लेबर पार्टी र यसको नेतृत्वलाई विश्वास गरेका छन् र हामी उनीहरूको हितको लागि काम गर्न सक्छौं ।' नेता स्टार्मरले लेबरको जितमा योगदान गर्ने सम्पूर्ण नेता, कार्यकर्ता, शुभचिन्तकलगायत मतदाताप्रति आभार प्रकट गरेका छन् । *रासस/एजेन्सी*

# इजरायलले क्रुर यातना दिएको रिहा भएका गाजाबासीको आरोप

**जेरूसेलम–** इजरायल-हमास युद्धमा इजरायलद्वारा नियन्त्रणमा लिइएका प्यालेस्टिनीहरूलाई इजरायलले आँखामा पट्टी बाँधेर कुटपिट गरेको र कहिलेकाहीँ कुकुरले समेत टोकाएर यातना दिएको आरोप इजरायली जेलबाट रिहा भएका गाजाबासीले लगाएका छन् ।

गाजाको सबैभन्दा ठूलो अस्पताल अल-सिफाका पूर्वनिर्देशक मोहम्मद अबु सलमियाले इजरायलले बन्दीहरूलाई दुर्व्यवहार गरेको बताएका छन् । इजरायली जेलबाट सोमबार रिहा गरिएका दर्जनौं कैदीहरूमध्ये एक साल्मियाले 'धेरै कैदीहरूको सोधपुछ केन्द्रमा मृत्यु भएको र खाना र औषधिबाट वञ्चित रहेका बताए ।

इजरायली सेना र शिन बेट गुप्तचर सेवाले यस विषयमा कुनै प्रतिक्रिया जनाएका छैनन् । यद्यपि उनीहरूले विगतमा यस्ता आरोपहरू अस्वीकार गर्दै आएका छन् । संयुक्त राष्ट्रसंघलगायतका संस्थाले लामो समयदेखि इजरायली जेलमा प्यालेस्टिनी कैदीहरूको अवस्थाबारे चिन्ता व्यक्त गर्दै आएका थिए ।

जुन ११ मा इजरायलले रिहा गरेपछि गाजापट्टीको कमल अदवान अस्पतालमा लगिएका ५० कैदीहरूमध्ये केहीको एएफपीले अन्तर्वार्ता लिएको थियो । रिहा भएका बन्दीमध्ये एक ३७ वर्षीय महमुद अल-जानिनले आफ्नो अस्पतालको ओछ्यानको यातनाको स्मरण गर्दै भने, 'मलाई दिनरात कुटपिट गरिएको थियो । हाम्रो आँखामा पट्टी बाँधिएको थियो, हाम्रो हातखुट्टा बाँधिएका थिए र कुकुरले समेत टोकाइएको थियो ।'

संयुक्त राष्ट्रसंघले कैदीहरूसँगको इजरायली दुर्व्यवहार 'अस्वीकार्य' रहेको बताएको छ । 'हामीले यातना, दुर्व्यवहार, हतकडी, खाना, औषधि, पानीबाट कैदीहरू वञ्चित भएको रिपोर्टहरू प्राप्त गरेका छौं र यो धेरै चिन्ताजनक विषय हो । हामीले यो विषय इजरायली अधिकारीसमक्ष उठाएका छौं र पारदर्शी अनुसन्धानका लागि आग्रह गरेका छौं,' संयुक्त राष्ट्र मानवअधिकार आयुक्तकी प्रवक्ता रविना शामदासानीले भनिन् ।

मे महिनामा, इजरायली सेनाले सोधपुछको क्रममा बन्दीहरूलाई निर्वस्त्र गर्ने, यौन दुर्व्यवहार गर्ने र बिजुली प्रहार गरेको आरोप 'स्पष्टरूपमा अस्वीकार' गरेको अमेरिकी सञ्चारमाध्यमको प्रतिवेदनले जनाएको थियो । हमासको आक्रमणपछि इजरायली संसदले नजरबन्दसम्बन्धी नियमहरू संशोधन गरेको हो । डिसेम्बरमा गैरकानुनी लडाकुसम्बन्धी कानुनमा परिवर्तन ल्याएपछि प्यालेस्टिनीहरूलाई विशेष शिविरहरूमा हिरासतमा राख्न प्रयोग गरिएको छ ।

कानुनमा परिवर्तन ल्याएपछि इजरायलले अब प्रशासनिक प्रक्रियाविना ४५ दिनका लागि कैदीहरूलाई हिरासतमा राख्न सक्छ । कैदीहरूलाई अदालतको सुनुवाइविना ७५ दिनका लागि हिरासतमा राख्न सकिन्छ र न्यायाधीशले बन्दीसँग वकिलले सम्पर्क गर्नबाट रोक्न सक्ने छन् ।

'केही बन्दीले आठ महिनाभन्दा बढी समयदेखि वकिलसँग भेटेका छैनन् र अदालतमा उपस्थित नगराई वकिलविना जुममार्फत मुद्दा चलाइएको छ,' इजरायलमा यातनाविरुद्धको सार्वजनिक समितिका निर्देशक ताल स्टेनरले बताए । *रासस/एएफपी*

# दक्षिण अफ्रिकामा ३४ हजार वर्ष पूराना 'धमिराको ढिस्का' फेला

**केपटाउन (दक्षिण अफ्रिका)–** दक्षिण अफ्रिकाको सुख्खा क्षेत्रमा अहिले पनि धमिरा बसोबास गरिरहेको 'धमिराको ढिस्का' ३० हजार वर्षभन्दा बढी पुरानो भएको थाहा पाएपछि वैज्ञानिकहरू दंग परेका छन् । स्टेलेनबोस्च विश्वविद्यालयका अनुसन्धाताका अनुसार नामाक्वाल्याण्डको बफेल्स नदी नजिकैका केही ढिस्का ३४ हजार वर्ष पुरानो भएका रेडियोकार्बनले अनुमान गरेको छ ।

अध्ययनको नेतृत्व गरेका विश्वविद्यालयको माटो विज्ञान विभागका वरिष्ठ प्राध्यापक मिचेल फ्रान्सिसले भने, 'ती पुराना थिए भन्ने हामीलाई थाहा थियो तर त्यति पुरानो थिए भन्ने कल्पना गरिएको थिएन ।' उनको शोधपत्र मे महिनामा प्रकाशित भएको थियो ।

फ्रान्सिसका अनुसार ती ढिस्काहरू मांसाहारी विलुप्त समूहको कुनै एक सदस्य घुमाउरो दाँत भएका बिरालो प्रजातिका जंगली जनावर (साबर-टुथ क्याट) र अफ्रिका, युरोप, एसिया, र उत्तर अमेरिकामा मायोसिन युगदेखि करिब चार हजार वर्षअघिसम्म अस्तित्वमा रहेका विभिन्न प्रजातिका बाक्लो ऊनले ढाकेको शरीर भएका (उली म्यामथ) पृथ्वीका अन्य भागहरूमा घुमिरहेका समय अथवा युरोप र एसियाका अधिकांश भागहरू हिउँले ढाकिएको समय बनेका अनुसन्धानबाट थाहा हुन आएको छ । ती 'धमिरोका ढिस्को' हरू युरोपका केही प्रारम्भिक गुफा चित्र कोरिनुभन्दा पहिलेका थिए ।

लाखौं वर्ष पुरानो केही जीवाश्मीकृत धमिराको ढिस्कोहरू पनि पत्ता नलागेका होइनन् । यो अध्ययनभन्दा पहिले अहिले पनि धमिरा भेटिएका सबैभन्दा पुरानो ढिस्को ब्राजिलमा फेला परेको थियो र यो करिब चार हजार वर्ष पुरानो थियो । तिनीहरू अन्तरिक्षबाट देखिन्छन् ।

फ्रान्सिसका अनुसार नामाक्वाल्याण्डको ढिस्को 'अपार्टमेन्ट कम्प्लेक्स'को धमिराको संस्करण हो र प्रमाणले ती धमिराका बस्तीहरूले त्यहाँ लगातार 'धमिराको उपनिवेश' हरू बसोबास गर्दै आएको देखाउँछ । धमिराको ढिस्को नामाक्वाल्याण्ड परिदृश्यको एक प्रसिद्ध विशेषता हो र कसैले पनि उनीहरूको प्राचिनताका बारेमा शंका गरेको थिएन तर जब तिनीहरूको नमूना रेडियोकार्बन डेटिङको लागि हंगेरीमा विशेषज्ञहरूको अध्ययनका लागि पठाइयो यो निकै पुरानो भएको पुष्टि भएको छ ।

फ्रान्सिसले भने, 'त्यहाँ वरपरका मानिसहरूलाई यी विशेष, प्राचीन परिदृश्यहरू हुन् र त्यहाँ संरक्षित छन् भन्ने कुरा थाहा छैन ।' अफ्रिकी भाषामा 'हचुवेल्ट्जी' अर्थात् सानो पहाड भनेर चिनिने केही ठूला थुम्काहरू लगभग १०० फिट (३० मिटर) चौडा हुन्छन् । त्यहाँ धमिराको गुँड १० फिट गहिरो जमिनमुनिसम्म रहेको छ । फ्रान्सिसले भने, 'अनुसन्धानकर्ताले नमूना लिनका लागि सावधानीपूर्वक ढिस्कोको केही भागहरू उत्खनन गर्न आवश्यक थियो । यसका लागि जब ढिस्कालाई भत्काइयो धमिराहरूले 'आपत्कालीन अवस्था' को सामना गर्दै प्वालहरू भर्न थाले ।'

टोलीले ढिस्कालाई अफ्रिकामा पाइने जमिनमुनि बस्ने जनापर आर्डवार्क जस्ता शिकारीहरूबाट सुरक्षित राख्न ढिस्कोहरू पूर्णरूपमा पुनर्निर्माण गरेको छ । फ्रान्सिसका अनुसार यो परियोजना पुरातन संरचनाको आकर्षक दृश्य मात्र होइन । यसले प्रागऐतिहासिक जलवायुको एक झलक पनि प्रस्तुत गरेको छ । यसबाट नामाक्वाल्याण्ड धमिराले ढिस्कोहरू बनाउने बेलामा धेरै ओसिलो ठाउँ थियो भन्ने पुष्टि हुन्छ । यी धमिराहरू रूखका सुकेका हाँगा र अन्य मृत काठहरू संकलन गरेर र यसलाई माटोको गहिराइमा राखेर कार्बनलाई भण्डारण गर्न माहिर मानिन्छन् । यसले वायुमण्डलमा उत्सर्जित कार्बनको मात्रा घटाएर जलवायु परिवर्तनलाई कम गर्न मद्दत गर्दछ । *रासस/एपी*


## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२२**

यस श्री आँपझोरी सा.व.उ.स. कमलामाई न पा-१ सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई कुण्डचौर, कमलामाई नपा-१ सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल,असना लगाएत जातको गोलिया १२२ को १७७९.४७ क्यू.फि गोलिया काठ र २.५० चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री आँपझोरी सा.व.उ.स. कमलामाई न पा-१ सिन्धुली**



## गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०३/२२**

यस श्री जनमुखी सा.व.उ.स. मरिण गा.पा-३ सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई नक्कली चौर,मरिण गा.पा. ३, सिन्धुलीमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल,असना लगाएत जातको गोलिया ३२१ को ६१२६.२४ क्यू.फि गोलिया काठ र ६.०० चट्टा साल मिश्रित दाउरा व्यापारिक प्रयोजनको लागि विक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री जनमुखी सा.व.उ.स. मरिण गा.पा. ३, सिन्धुली**



## MAURITIUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TOPBUILDER CO LTD**

पूर्व स्वीकृति मिति : २०८०/०८/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०३/२१ | LT. No.:295024 | चलानी नं.: ६०२१०३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 60 | 0 | 16665 | ४८,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 6 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 3 | Helper | 7 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 4 | Mason | 99 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 5 | Operator Back Hoe Loader And Skid Steer Loader | 3 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 6 | Steel Fixer | 30 | 0 | 16665 | ४८,१३५ | | | | | | | |
| 7 | Supervisor | 10 | 0 | 16665 | ४८,१३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेशन सेन्टर, कपन मार्ग ३, काठमाडौंमा मितिः २०८१ असार २९/३१ र साउन १ गते (13/15/16 July 2024) मा हुनेछ । मुनाल ट्रेनिङ सेन्टर, इटहरी वार्ड नं. ४, सुनसरीमा मितिः २०८१ असार ३० गते (14th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Mobile: 981-3952892, 9706180600
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## युएई/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TIDY LIFE CLEANING SERVICES**

पूर्व स्वीकृति मिति २०८१/०३/१९ | LT No. 307143 | चलानी नं. ६०२२१९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 10 | 1200 | ४३,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **AL-RAWAQ AL-ABYAD CONTRACTING EST.**

पूर्व स्वीकृति मिति २०८१/०३/२१ | LT No. 307217 | चलानी नं. ६०२२१९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 7 | 0 | 1000 | ३५,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **INDUSTRIAL BASIC MATERIAL COMPANY**

पूर्व स्वीकृति मिति २०८०/१२/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२१ | LT No. 302702 | चलानी नं. ६०२१७७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 1 | 0 | 2500 | ८८,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrical Technician | 1 | 0 | 1500 | ५३,३२० | | | | | | | |
| 3 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,९८५ | | | | | | | |
| 4 | Load & Unload Worker | 8 | 0 | 1000 | ३५,५४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २९ गते (13th July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Career Development Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३०/०७४/०७५
Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४४४०० | प्रति तोला - १४३७०० | प्रति तोला - १८७० |



**टिम्मुरका बिरुवा** | बेनीस्थित डिभिजन वन कार्यालय परिसरमा मसला र जडीबुटीको रुपमा प्रयोग हुने टिम्मुरको बिरुवा वितरण गरिँदै ।
*तस्बिरः सन्तोष गौतम/रासस*

# ‘प्रतिबद्धतालाई प्रमुख आधार बनाएर बजेट तर्जुमा’

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा सरकारले अन्तर्राष्ट्रिय जगत्मा व्यक्त गरेको प्रतिबद्धतालाई प्रमुख आधार मानेर बजेट तर्जुमा गरेको बताएका छन् । राष्ट्रियसभाको शुक्रबारको बैठकमा आर्थिक वर्ष २०८१/०८२ को विनियोजन विधेयकमाथिको छलफलमा राष्ट्रियसभा सांसदका जिज्ञासाको जवाफमा उनले नेपालको संविधान, सोह्रौं योजनाको सोच, गणतन्त्रका डेढ दशकका उपलब्धिको समीक्षा र विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकतामा सांसदहरूले रचनात्मक सुझाव दिएको बताए ।

विगतका आर्थिक सुधारका उपलब्धिलाई संस्थागत गर्ने, बदलिँदो विश्व अर्थव्यवस्था र मुलुकको वस्तुगत आवश्यकतालाई दृष्टिगत गरी उत्पादन र रोजगारीका अवसर सृजना गर्दै देशको अर्थतन्त्रलाई सबल र उत्थानशील बनाउने स्पष्ट कार्यदिशा निर्धारण गरी आगामी आवका लागि पाँच उद्देश्य, पाँच प्राथमिकता, पाँच रणनीति र पाँच रूपान्तरणकारी क्षेत्र पहिचानसहित बजेट बनाइएको, त्यसको कार्यान्वयनबाट यसले लिएको लक्ष्य हासिल हुने विश्वास मन्त्री पुनले व्यक्त गरे ।

सांसदहरूले बजेटले संविधान र नीति तथा कार्यक्रमलाई सम्बोधन नगरेको, सङ्घीयताको सवलीकरणमा जोड नदिएको, शिक्षा क्षेत्रमा बजेट न्यून विनियोजन भएको, कृषिमा लगानी दशक घोषणा भएको तर पर्याप्त बजेट विनियोजन नभएको, बजेटलाई उत्पादकत्व बढाउने गरी बजेट नआएको गुनासो गरे ।

सांसदहरूका जिज्ञासा शान्त पार्दै मन्त्री पुनले भने, ‘मुलुकको चालु आवको कूल गार्हस्थ्य उत्पादनको आकार, सार्वजनिक वित्तको अवस्था र विगतका बजेटको तुलनामा प्रस्तुत बजेट सन्तुलित छ, बजेटको कार्यदिशा अर्थतन्त्रलाई थप गतिशील बनाउन निजी क्षेत्रको मनोबल बढाउने रहेकाले बजेट वितरणमुखी नभई उत्पादनमुखी छ ।’ उनले आगामी आवका लागि कूल खर्च रु १८ खर्ब ६० अर्ब ३० करोड विनियोजन गरिएको र त्यो खर्च अनुमान चालु आवको विनियोजनको तुलनामा ६ दशमलव २ प्रतिशतले मात्र अधिक रहेको बताए ।

चालु आव २०८०/८१ मा चालु खर्च ६५ दशमलव २ प्रतिशत, पुँजीगत १७ दशमलव २५ प्रतिशत र वित्तीय व्यवस्थामा १७ दशमलव ५५ प्रतिशत रहेकामा आगामी आव चालु खर्च ६१ दशमलव ३१ प्रतिशत, पुँजीगततर्फ १८ दशमलव ९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १९ दशमलव ७४ प्रतिशत प्रस्ताव गरिएको अर्थमन्त्रीले जानकारी दिए ।

‘चालु आव २०८०/८१ को तुलनामा चालु खर्चतर्फ न्यून बजेट विनियोजन गरिएको छ भने पुँजीगत खर्चतर्फ बजेट वृद्धि गरिएको छ, त्यसैगरी प्रदेश र स्थानीय तहमा राजस्व बाँडफाँट र अनुदान गरी रु पाँच खर्ब ६७ अर्बअर्थात् कूल विनियोजनको ३० दशमलव ५ प्रतिशत वित्तीय हस्तान्तरणको सुनिश्चितता गरिएकाले प्रदेश र स्थानीय तहमा जाने रकममा पनि चालु आवभन्दा बढी नै विनियोजन गरिएको छ’, मन्त्री पुनले भने । सो रकमबाट सञ्चालन हुने क्रियाकलाप तथा संघीय सरकारको कार्यक्रमबाट सञ्चालन गरिने क्रियाकलापबाट प्रादेशिक सन्तुलन कायम गर्न योगदान पुग्ने विश्वास मन्त्री पुनले व्यक्त गरे ।

# मुगु कर्णालीको बिजुली फुकोट सबस्टेसनमा जोडिने

■ प्रभाव संवाददाता

**काठमाडौं –** मुगु कर्णाली जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् फुकोट सबस्टेसनमा जोड्नेसम्बन्धी द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आज मन्त्री शक्तिबहादुर बस्नेत र सचिव सरिता दुवाडीको उपस्थितिमा विद्युत् उत्पादन कम्पनीका प्रमुख कार्यकारी अधिकृत बखतबहादुर शाही र राष्ट्रिय प्रसारण ग्रिड कम्पनीका प्रमुख कार्यकारी अधिकृत नेत्र ज्ञवालीले द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरे ।

कूल एक हजार नौ सय दुई मेगावाट क्षमताको जलाशययुक्त आयोजनाबाट उत्पादित बिजुली चार सय केभी क्षमताको डबल सर्किट प्रसारण लाइनमार्फत कालीकोट जिल्लाको फुकोट हब सबस्टेसनमा जोडिनेछ । मुगु कर्णाली जलविद्युत् आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन अन्तिम चरणमा छ । त्यसलगत्तै वित्तीय व्यवस्थापनलगायत अन्य कामलाई अगाडि बढाउने लक्ष्य राखिएको छ ।

विद्युत् उत्पादन कम्पनीका प्रमुख कार्यकारी अधिकृत शाहीले मुगु कर्णाली आयोजनाको विद्युत् कहाँ कसरी जोड्ने भन्ने विषयमा रहेको अन्योलताको अन्त्य भएको जानकारी दिए । राष्ट्रिय प्रसारण ग्रिड कम्पनीका प्रमुख कार्यकारी अधिकृत ज्ञवालीले मुलुकको आवश्यकतालाई ख्याल गरेर प्रसारण लाइन निर्माण गरिने भएकाले आजको समझदारी महत्वपूर्ण रहेको बताए ।

मन्त्रालयका सचिव दुवाडीले सरकारी स्वामित्वका दुई कम्पनीबीच समझदारी हुनु महत्वपूर्ण रहेको बताए । उनले आयोजनाको कामलाई थप गति दिन आग्रह गरे । उक्त अवसरमा ऊर्जामन्त्री बस्नेतले कर्णाली प्रदेशको आर्थिक, सामाजिक विकासका लागि मुगु कर्णाली जलविद्युत् आयोजना अति आवश्यक रहेको बताए । उनले उक्त आयोजनाका सम्बन्धमा बाँकी रहेका काम समयमै पूरा गर्न निर्देशन दिए । आयोजनासँग जोडिएका अन्य कामलाई तीव्र गतिका साथ अगाडि बढाउन र कुनै कमजोरी नगर्न सम्बद्ध पक्षलाई मन्त्री बस्नेतले निर्देशन दिए । सरकारले अगाडि सारेको आगामी १२ वर्षमा २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने राष्ट्रिय लक्ष्यलाई पूरा गर्न यस्ता प्रसारण लाइन महत्वपूर्ण मानिन्छन् ।

# निकुञ्जका लागि बजेट अपर्याप्त

**चितवन–** चितवन राष्ट्रिय निकुञ्जमा वन र वन्यजन्तु संरक्षणका निम्ति पर्याप्त बजेट विनियोजन नहुँदा चुनौती थपिएको छ । दुर्लभ वन्यजन्तु संरक्षण कठिन बन्दै गएको छ भने निकुञ्ज र जनताबीचको द्वन्द्व बढ्ने जोखिम पनि बढेको छ ।

निकुञ्जमा संरक्षण गर्नुपर्ने गोही, बाघ, घाइते गैँडालगायत वन्यजन्तुको पालनपोषणमा कम बजेट विनियोजन गरिएपछि समस्या देखिएको हो । निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनका अनुसार प्रजनन केन्द्रमा पालिएका गोही र उद्धार गरी खोरमा राखिएका बाघको आहारा र रेखदेख गर्न एक वर्षमा रु ७० लाख हाराहारी खर्च हुने गर्दछ ।

प्रजनन केन्द्रमा छ सयभन्दा बढी गोही छन् भने बर्सेनि पाँचदेखि सातवटा बाघको उद्धार गरेर पाल्नुपर्ने हुन्छ । एउटा बाघलाई एक दिन बिराएर पाँचदेखि सात किलो राँगाको मासु खुवाइँदै आएको छ । गोहीलाई माछा खुवाउने गरिन्छ । प्रतिकिलो सिद्रा माछा रु तीन सय, ठूलो माछा रु तीन सय ५०, राँगाको मासु प्रतिकिलो रु चार सयमा खरिद गरिँदै आएको छ ।

रानाका अनुसार चालु वर्ष रु ३० लाख बजेट गोही र बाघका लागि विनियोजन भएको थियो । आउँदो वर्षका लागि रु २० लाख मात्र विनियोजन भएको छ । अघिल्लो आव यो रकम रु ३५ लाख रहेको उनले बताए । त्यसभन्दा अघिल्लो वर्ष रु ५० लाख थियो । क्रमशः बजेट घट्दै गएपछि अन्य शीर्षक र बाँकी गरेर गोही र बाघ पाल्नुपरेको उनले बताए । निकुञ्जभित्रका ६० वटा हात्तीलाई भने नियमित राशन आउने गरेको उनले जानकारी दिए । हात्तीलाई धान, भेली र घाँस खुवाइँदै आएको छ । थप बजेट नहुँदा चनालगायतका प्रोटिनयुक्त पौष्टिक आहार भने खुवाउन नसकिएको उनी बताउँछन् । बजेट अभावले वन्यजन्तुको बासस्थान व्यवस्थापनमा कठिनाइ हुने गरेको छ । घाँसेमैदान व्यवस्थापन, पानीका स्रोत व्यवस्थापन, वन्यजन्तु उद्धारजस्ता काममा समस्या भएको हो ।

निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार चितवन निकुञ्जका लागि १० हजार हेक्टर घाँसेमैदान आवश्यक पर्दछ । विगत वर्षहरूमा पनि १० हजार हेक्टर घाँसेमैदान व्यवस्थापन गरिँदै आएको थियो । बजेटका कम भएकाले पछिल्ला वर्षहरूमा पर्याप्त मात्रामा काम हुनसकेको छैन ।

विगत वर्षहरूमा घाँसेमैदानका लागि मात्र रु तीन करोड बजेट आएकामा चालु आवमा जम्मा रु ४० लाखमात्र निकासा भएको सूचना अधिकारी तिवारीले जानकारी दिए । बजेट कम हुँदा सरसफाइ, घाँस काट्न अन्य काम गर्न कठिन भएको छ । निकुञ्जको विवरणअनुसार आव २०७७/७८ मा रु तीन करोड घाँसेमैदानका लागि बजेट आएको थियो । त्यसपछि बजेट कटौती भएर रु ४० लाखमा झरेको हो ।

तिवारीका अनुसार सुराक सञ्जाल परिचालन चोरी सिकारी नियन्त्रण गर्न निकै महत्वपूर्ण मानिन्छ । निकुञ्जमा आउँदा वर्षका लागि यो शीर्षकमा बजेट विनियोजन गरिएको छैन । जसका कारण चोरी सिकार नियन्त्रणमा गरिने महत्त्वपूर्ण काम प्रभावित हुने देखिएको छ । निकुञ्जको मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ मा यहाँ संकलन भएको राजस्वको ३० देखि ५० प्रतिशत मध्यवर्ती क्षेत्रमा विनियोजन भएर आउने उल्लेख गरिएको भए पनि सो बजेट निकै कम आउन थालेको छ । तिवारीका अनुसार एक वर्षमा रु १२ करोडभन्दा बढी आउने गरेको बजेट आधा घटेको छ ।

कोभिडको बेलामा पर्यटक आगमन कमी हुँदा निकै कम राजस्व संकलन भए पनि पछिल्ला वर्षहरूमा राजस्वबाट संकलन बढेको छ । वार्षिक रु ३० करोड हाराहारी राजस्व संकलन हुँदा समेत आगामी वर्षका लागि रु छ करोड ८६ लाख मात्र विनियोजन गरिएको छ ।

निकुञ्जमा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति छ । त्यसअन्तर्गत २२ वटा उपभोक्ता समिति छन् । मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुंगानाले यहाँ रहेका तीन लाखभन्दा बढी जनतालाई प्रत्यक्ष पमा निकुञ्ज संरक्षणमा सहभागी गराउन बजेट अभावका कारण कठिन हुन थालेको बताए । मध्यवर्तीमा विनियोजित रकमबाट संरक्षण, सामुदायिक विकास, संरक्षण शिक्षा, आयआर्जन, सीपमूलक तालिम, स्वरोजगार व्यवसायमा सहयोगजस्ता काम हुँदै आएका छन् ।

मध्यवर्ती एक उपभोक्ताले वार्षिक रु ५० लाखभन्दा बढी पाउने गरेकामा त्यो रकम आधा घटेको छ । यसका अतिरिक्त संरक्षणका लागि बजेट आउने गर्दथ्यो । मध्यवर्ती क्षेत्रमा प्राप्त बजेटबाट ‘आरसिसी वाल’ निर्माण गरी वन्यजन्तु मानवबस्ती पस्नबाट जोगाउने गरिएको थियो । पछिल्लो समय बजेट घट्दै गर्दा ती काम प्रभावित भएको ढुंगाना बताउँछन् ।

ढुंगानाले निकुञ्जका कर्मचारी र सुरक्षार्थ खटिएको नेपाली सेनाले निकै कष्टपूर्ण ढंगले संरक्षणमा जुट्नुपरेको भन्दै उनले बजेट कटौती हुँदा निकुञ्ज र जनताका बीचको सम्बन्ध सुधारेर संरक्षणमा काम गर्न समस्या भएको बताए । उनले भने, ‘संरक्षणजस्तो महत्त्वपूर्ण विषयमा बुझाइको कमीले गर्दा बजेट विनियोजन हुनसकेको छैन ।’ ऐनले तोकेअनुसार बजेट नपठाउँदा मध्यवर्ती क्षेत्रमा काम गर्न कठिन भएको उनी बताउँछन् ।

सिस्वार उपभोक्ता समिति देवचुलीका अध्यक्ष नेत्रबहादुर पाण्डे बजेट कम आउँदा द्वन्द्व बढेर जाने बताउँछन् । *रासस*

**सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध**

यस प्रभाव पब्लिकेसन प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email:Marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित  मुद्रणः एक्प्रेस कलर प्रेस,  कार्यालयः काठमाडौं-७, सिफल, नेपाल  फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिःःarketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ